# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

समाहित शिक्षा सवैका लागि शिक्षा प्राप्त गर्ने अधिकारको संरक्षक कार्यक्रम हो । यसलाई सवैका लागि शिक्षाको लक्ष्य प्राप्त गर्ने प्रमुख रणनीतिको रुपमा अगाडि सारिएको छ। यो अवधारणले सबै किसिमका बालवालिकाहरूका लागि अनुकुल विद्यालय वातावरणको विकासमा जोड दिन्छ । बालबालिकामा रहेका भिन्नतालाई सम्मान गर्दै उनीहरुलाई अर्थपूर्ण सिकाई प्रक्रियालाई सबै बालवालिका आवश्यकता सुहाउँदो बनाउनुपर्दछ भन्ने मान्यता राख्दछ । यसले बालबालिकालाई के पढाउने भन्दा पनि उनीहरुले के र कसरी सिक्न सक्छन् भन्ने सम्बन्धमा ज्यादा चासो राख्दछ । साथै यो कार्यक्रमले अनुकूल कक्षा कोठाको व्यवस्थापनदेखि संवेदनशील विद्यार्थीहरुलाई आवश्यकता अनुसार थप सहयोग र सुविधा उपलव्ध गराउनु पर्ने कुरामा विश्वास राख्दछ (काफ्ले, २०६३) ।

सबैका लागि शिक्षा कार्यक्रम अन्तरगत समाहित शिक्षा कार्यक्रम संचालित हुँदै आए पनि यसलाई स्पेनको सालामान्कामा जुन ७-१० सम्म १९९४ मा सम्पन्न भएको विशेष आवश्यता शिक्षा सम्बन्धी विश्व सम्मेलनबाट व्यवहारमा ल्याउन थालिएको हो । यस अवधारणा अनुसार नियमित रुपमा सञ्चालन भैरहेका हाम्रा विद्यालयहरुमा विनाभेदभाव समुदायका सवै किसिमका बालवालिकाहरुलाई शिक्षा हासिल गर्न आव्हान गर्नुपर्दछ यो नै शिक्षाको मूल मर्म हो (कट्टेल, २०६६) ।

भौगोलिक विशिष्टता, बहुसाँस्कृतिक एवम् सामाजिक मूल्यामान्यता तथा विविध धार्मिक तथा जातजाती जनजातीका बीचमा अवस्थित विद्यालयलाई सबै बालकालिका मा पुऱ्याउने महत्वपूर्ण रणनीतिको रुपमा समाहित शिक्षालाई लिएको छ। बालबालिकाको सिक्न सक्ने अधिकारलाई संरक्षण गर्दै उनीहरूमा रहेका वैयक्तिक भिन्नतालाई स्वीकार एवम् सम्मान गर्दै तिनलाई सम्बोधन गर्ने सिकाई संस्कृतिको विकास गर्न नसकेसम्म देशले अपेक्षा गरेको सबै बालबालिकाहरूको लागि अनुकुल शिक्षा सम्भव हुँदैन। बालबालिका अनुकुलको सिकाई बातावरण तयार गर्ने, सिलसिलामा विद्यालयले अपनाउनु पर्ने सजगता, योजनामा समावेस गर्नुपर्ने विषय वस्तु, कार्यक्रम कार्यन्वयनमा हुनुपर्ने स्थानीय समूदायको स्वामित्व र सहभागीता र सबैले अपनत्व महसुस गर्ने कुनैपनि भेदभाव रहित विद्यालय वातावरण विकास गर्नकोलागि समाहित शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ (काफ्ले, २०६३ )।

समाहित शिक्षालाई हाम्रो परिवेशमा नै परिभाषित गर्नुपर्दछ । भन्ने मान्यता अनुसार शिक्षा विभागले सरोकारवालाहरुको सहभागितामा २०६० साल फागुनमा यसरी परिभाषित गरिएको छ । समाहित शिक्षा भन्नाले सवै बालवालिकाहरुका लागि विभेद रहित वातावारणमा बहु सांस्कृतिक भिन्नतालाई सम्मान गदै आफ्नै परिवेसमा शिक्षा प्राप्त गर्ने अधिाकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रक्रिया बुझ्नु पर्दछ । यसले विद्यालयलमा समुदायको स्वामित्वलाई महत्व दिदै बालवालिकाको आवश्यकता अनुकुल उपयुक्त वातावरण र सहयोग पाएमा सवैले सिक्न सक्दछन भन्ने मान्यतामा विश्वास राख्दछ । समाहित शिक्षा पद्धतिले राष्ट्रिय एवं स्थानीय तहमा कुनै पनि परिस्थिति जन्य कारणले शैक्षिक अवसरबाट वञ्चीत रहेका एवं विद्यालयमा रहेर पनि आवश्यकता अनुकुल उपयुक्त वातावरण र सहयोगका अभावमा विद्यालय छाड्ने खतरामा परेका बालबालिकाको पहिचान गर्नुको साथै सम्पूर्ण बालवालिकाको सामाजिक, साँस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्ने वालकेन्द्रित शिक्षण सिकाई प्रक्रिया अवलम्वन गर्न प्रोत्सान गर्दछ । हाल राष्ट्रिय स्तरमा पहिचान गरिएका समाहित शिक्षाका प्रमुख लक्षीत समुह निम्न छन् । बालिका/महिला, अपाङ्ग बालबालिका, दलित बालवालिका, जनजाति बालबालिका, सडक बालबालिका, द्वन्द्वपिडित बालवालिका, बेचविखन तथा यौनशोषणबाट पिडित बालबालिका, गरिवीले समस्याग्रस्त बालवालिका, कमैया तथा वधुवा मजदुर बालबालिका, जेलमा रहेका बालबालिका, असहाय, अनाथ वालबालिका, रोगग्रस्त बालबालिका (जस्तै एच.आई.भी. संङ्क्रमित, कुष्ठरोग आदि), गुम्बा मदरसामा पढिरहेका तथा भाषिक अल्पसंख्यक श्रमिक वालवालिका आदि पर्दछन्  (कोइराला, २०६२) ।

समाहित शिक्षा कार्यक्रमलाई समग्र राष्ट्रिय शैक्षिक मूलधारमा अगाडि बढाउने सिलसिलामा यसको ऐतिहासिक विकास क्रमलाई अगाडि बढाउने सिलसिलामा १९६४ मा लेबरेटरी विद्यालयमा दृष्टिबिहिनका लागि। एकीकृत विद्यालय स्थापना भयो सन् १९७३ मा विशेष शिक्षा परिषदको गठन भयो सन् १९९३ मा आधारभूत प्राथमिक शिक्षा परियोजना सुरु भएपछि यस अन्तरगत  विशेष शिक्षा इकाई स्थापन भयो, सन् १९९६मा विशेष शिक्षा नीति पारित भयो। सन् २००१मा समाहित शिक्षा सम्बन्धि नमुना कार्यक्रम चारवटा जिल्लामा सुरु भयो ।  २०६२ सालमा बाँके, उदयपूर, काभ्रे र सिन्धुपाल्चोक जिल्लाका ९/९ वटा विद्यालय र झापा र चितवन, बर्दिया र डडेल्धुरा जिल्लामा ६/६ वटा विद्यालय गरी जम्मा ६० वटा विद्यालयमा समाहित शिक्षा लागु गरिएको थियो । २०६४ सालमा २२ जिल्लाका २१०

विद्यालयमा लागु गरिएको तथा २०६५ सालमा समेत केही विद्यायलमा कार्यक्रम थप सञ्चालन गरिएको छ । नेपालामा ६८.२०%ले कुनैपनि किसिमको शिक्षा पाएका छैनन् । महिलाहरूमा ७७.७०%ले कुनैप्रकारको शिक्षा पाएका छैनन्। स्कूल भर्ना ५६.३% (६-२० उमेर सहमूहमा), १२७ भर्ना भएका मध्ये ५२ (४१%) जनाले स्कूल छाडेका छन्। ९२.३%ले सामान्य स्कूलमा शिक्षा पाएको र ६.३%ले मात्रै विशेष शिक्षा पाएको, ६१% ले निशुल्क शिक्षा पाएको ४% मात्रै अनौपचारिक शिक्षा पाएको तथ्याङ्कले देखाउँछ (राष्ट्रिय योजना आयोग, २००१) ।

सवै बालवालिकाहरुको शिक्षा आर्जन गर्ने नैसर्गिक अधिकार छ, सवै बालवालिकाहरु सिक्न सक्दछन् , सबै बालवालिकाहरुमा रहेका भिन्नातालाई सम्मान गर्दै उनीहरु अर्थपूर्ण सिकाइ प्रक्रियामा सहभागी हुनेछन् र शिक्षक अभिभावक र समुदायको पारस्परिक सहयोगबाट सिकाई उपल्बधी हासिल गर्न सकिन्छ । भन्ने समाहित शिक्षा कार्यक्रमका चारवटा सिद्धान्तहरु छन् । जिल्ला शिक्षा कार्यालयले समाहित शिक्षा कार्यक्रम संचालन गर्नको लागि सम्भव भएसम्म एउटा श्रोत केन्द्रका, एउटै गाउँ विकास समितिभित्र भौगोलिक रुपमा नजिक रहेका तीन वटा विद्यालयहरु छनौट गरिएको छ । यस्तो अवस्था नरहेमा मात्र जिल्ला शिक्षा कार्यालयले छिमेकी गाउ विकास समितिको विद्यालयलाई सामहित शिक्षको लागि छनौट गर्न सक्छ (शिक्षा विभाग, २०६४) ।

समाहित शिक्षाले जोड दिएको अर्थपूर्ण र उपयोगी सिकाईमा विद्यार्थी केन्द्रित क्रियाकलाप हुनु पर्ने शिक्षकको काम शिक्षण सिकाई क्रियाकलापमा उपयुक्त वातावरण मिलाउने, बालबालिकालाई स्वय सिकाई गर्ने अनुकुल वातावरण तयार पार्न प्रश्नोत्तर, छलफल कथाकथन, भूमिका अभिनय, प्रदर्शन, अध्ययन भ्रमण समस्या समाधान र परियोजना कार्य आदि विधिको प्रयोग गर्न पर्दछ । प्रत्येक विधार्थीलाई यी सबै विधिहरु उपयुक्त नहुने हुदाँ प्रश्नोत्तर, छलफल र कथाकथन विधिहरु आँखा नदेख्ने विद्यार्थीहरुका लागि उपयुक्त हुन्छन् । त्यस्तै आँखा देख्नेहरुका लागि अभिनय, प्रदर्शन, क्षेत्रभ्रमण र परियोजना कार्यविधि आदि उपयूक्त हुन । वाल केन्द्रित शिक्षण विधिको प्रयोगद्धारा शिक्षण सिकाई क्रियाकलाप गर्दा शिक्षकले सहयोगीको भूमिका खेल्नु पर्ने भएकोले व्यत्तिगत विभिन्नता पहिचान गरेर प्रत्येक विधार्थीलाई कसरी सिकाउदा सिक्न सक्छन् त्यस्तौ अनुरुप शिक्षण सिकाइ कृयाकलाप गर्नु नै अर्थपुर्ण र उपयोगि सिकाइ हो भन्ने समाहित शिक्षाको ठम्याई छ (कट्टेल २०६६) ।

समाहित शिक्षा एउटा यस्तो रणनीति हो जसले समाहित समाजको प्रर्वधनमा योगदान दिन्छ । अपाङ्ग भएका बालबालीकाहरुको अन्य बालबालीका संगको अन्तरकृयाले सिकाइका अवसरमा अभिवृदि गर्दछ । उनिहरुको मनोसामाजिक विकास दरीलो हुन्छ । (विभिन्न सम्वधको विकास हाँसखेल, मेललिप आदि), विद्यालय र शिक्षकको सम्बन्धमा वहुआयमिक हुन्छ । एउटै विद्यालयमा सबै बालबालिकाले शिक्षा पाउने भएकाले आर्थिक, भौतिक तथा जनशक्तिमा किफायत हुन्छ, अपाङ्ग बालबालिकाहरुको सहभागीता र समानताले सामाजिक न्याय, लोकतान्त्रीक समाजको स्थापना गर्न मद्दत पुऱ्याउछ (पन्त २०६४)।

सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसंघिय साधरण सभाले जारी गरेको मानव अधिकार सम्बन्धि विश्वव्यापी घोषणापत्रको धारा २६ मा "सबैको लागी शिक्षा प्राप्त गर्ने हक छ। शिक्षा कम्तीमा आधारभूत तहमा निःशुल्क हुनेछ । प्राविधिक र व्यावसायिक शिक्षालाई सर्बसुलभ बनाई उच्च शिक्षालाई योग्यता र क्षमताका आधारमा सबैको पहुच योग्य बनाइनेछ भन्ने उल्लेख भएको छ । त्यसैगरी सन् १९८९ को बालअधिकार सम्बन्धी सम्मेलनले विश्वका बालबालिकाहरु प्रति लक्षित गर्दै धारा २८ मा सबै सदस्य राष्ट्रले प्रत्येक बालबालीकाको शिक्षा प्राप्त गर्न पाउने अधिकार प्रति सहमति र स्वीकृत जनाउदै क्रमिक रुपमा समान अवसर प्रदान गरी प्राथमिक तहको शिक्षालाइ अनिवार्य र निःशुल्क बनाउने कुरा उल्लेख छ । नेपालले उल्लेखित दुवै महासन्धिमा हस्ताक्षर गरी अनुमोदन गरेको छ ।सन् १९९० मा थाइलैण्डमा सम्पन्न 'सबैको लागि शिक्षा' नामक विश्व सम्मेलन सन् २००० सम्म सबैका लागि शिक्षा प्रदान गर्ने घोषणा जारि गऱ्यो । सन १९९४ मा स्पेनको सालामाङ्कामा सम्पन्न विशेष आवश्यकता शिक्षा सम्बन्धी सम्मेलनले सबैका लागि शिक्षाको लक्ष्य प्राप्त गर्न समाहित शिक्षालाई महत्वपूर्ण रणनीतिको रुपमा अगाडि ल्याउने तत्पश्चात विश्वका विभिन्न मुलुकहरुमा समाहित शिक्षाको सम्बन्धमा वहस तथा कार्यन्वयन सुरु भयो । डकार कार्यढाँचा २००० ले पनि समाहित शिक्षालाई महत्वपूर्ण रणनीतिको रुपमा अंगिकार गरेको छ (शिक्षा विभाग, २०६४)।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १७ उपधारा २ अनुसार प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ । त्यस्तै भाग ३ धारा २२ (४) मा वालवाललिका सम्बन्धी हक अन्तर्गत असहाय अनाथ, सुस्त मनस्थिति, द्वन्द्व पिडित विस्थापित एंव जोखिममा परेका सडक

बालबालिकालाई सुनिश्चित भविश्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । (नेपालको अन्तरिम संविधान २०६३)

हाल नेपालको करिब १३ प्रतिशत विद्यालय जाने उमेरका बालवालिकाहरु विद्यालय बाहिर रहेका बालवालिकाहरुलाई विद्यालयमा ल्याई टिकाई राख्ने र उनीहरुको रुची आवश्यकता तथा क्षमता बमोजिम शिक्षा प्राप्त गर्ने समान अवसर प्रदान गर्न, समाहित शिक्षा प्राप्त गर्ने हक नैसर्गिक हो यसलाई विश्वव्यापीकरणका साथै संविधान मै अधिकारको रुपमा सुनिश्चित गरिएको छ । यसले व्यवहारमा उतार्न समाहित शिक्षाले सहयोग गर्दछ । विना भेद्भाव आफ्नै गाउँ वस्तीमा आफ्ना दौतरीहरुका साथ विना भेदभाव र अवरोध रहित वातावरणमा पढ्न पाउने अधिकारको प्रत्याभूति गराउनु पर्दछ ।(समाहित शिक्षा श्रोत पुस्तिका २०६४) ।

## १.२. समस्याको कथन

समाहित शिक्षा कार्यक्रमले प्राथमिक उमेर समूहका (५-९) वर्षका विद्यालय वातावरण भन्दा बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भित्र ल्याई सबै किसिमका बालबालिकाहरुलाई आफ्नै समुदायमा शिक्षा पाउने अधिकारलाई सुरक्षित गर्दै विद्यालय वातावरणलाई सबैको लागि योग्य बनाउने लक्ष्य समाहित शिक्षा कार्यक्रमले राखे पनि यसको कार्यन्वयनका हुन सकेको छैन ।

आपाङ्गता भएका बालवालिकाहरुको ठूलो संख्या अहिले पनि शिक्षाको अवसारबाट बञ्चित छन् । कतिपय आपाङ्गता भएका बालबालिकालाई अज्ञानता र अन्धविश्वासको कारणले अभिभावक एवम् परिवारले कोठामा थुनेर राखेका मर्मस्पर्सी उदाहरणहरु छन् । कतिपय बालवालिकाहरु विद्यालय जान मन गर्दछन् र अभिभावकहरु पनि विद्यालयमा पढाउन खोज्दछन्, यदि विद्यालयमा भर्ना भए पनि अनुकुल वातावरणको अभावमा नकारात्मक व्यवहारको कारणले बीचमै स्कूल छोड्न वाध्य हुन्छन् । त्यस्तै कतिपय बालवालिका विद्यालयमा अध्ययनरत भए तापनि विभिन्न किसिमका समस्याका कारण जस्तै उनीहरुको सक्षमता प्रतिको अविश्वास गलत सोच, वैकल्पिक उपायबारे ज्ञान नहुनु अन्य सवलाङ्ग बालबालिकाहरुले जस्तै समान सहभागिता र समान अवसरका आधारमा सिकाई प्रक्रियामा समावेश हुन सकिरहेका हुदैनन् । यस्तो अवस्थामा सबैका लागि शिक्षा भन्ने राष्ट्रिय एवम्

अन्तराष्ट्रिय प्रतिवद्धता पूरा हुन नसक्ने मात्र होइनकी बालवालिकाको गुणस्तरिय शिक्षा प्राप्त गर्ने अधिकार समेत कुण्ठित हुन्छ । त्यसैले अपाङ्गताका साथै अरु सुविधाबाट बञ्चित बालवालिकाहरुको शैक्षिक अवसरमा पहुच र विद्यालयमा शिक्षक स्रोत सामग्री समुदाय सम्बन्ध, कक्षा कोठाको गतिविधि लगायत शैक्षिक लगानी र शैक्षिक प्रक्रियाहरु के कसरी व्यवस्थित गरिएको छ । समाहित शिक्षाका लागि राष्ट्रिय स्तरमै पहिचान भएका सरकारी स्तर बाट सञ्चलित कार्यक्रमहरुले लक्षित समुहहरुलाई समेटन सकेको छैन लक्षित समुहलाई समेटन सक्ने अन्य उपाय खोजी गर्ने पक्षलाई यो शोध कार्यमा समस्याको रुपमा लिई अध्ययन गरिएको छ ।

## १.३. अध्ययनको औचित्य

नेपाल विविध सस्कृतिक, धार्मिक, राजनैतिक भाषिक र सामाजिक भिन्नता भएको देश हो । विभिन्न पृष्ठभूमिबाट बालबालिकाहरु विद्यालयमा अध्ययन गर्न आएका हुन्छन् । उनीहरुको रुची क्षमता र आवश्यकता बुझ्ेर शिक्षण गर्नुपर्दछ । प्रत्येक बालबालिका एक अर्कोबाट फरक हुन्छन् कुनै पनि दुईजना बालक अथवा बालिका एकै किसिमका हुदैनन् । कुनै पनि कक्षाको बालवालिकालाई एकछिन उदाहरणको लागि हेरौं उनीहरु सवै उस्तै-उस्तै उमेरका हुन सक्छन् तर के उनीहरु सवै एकै किसिमका हुन सक्दछन ? कदापी हुन सक्दैनन् । कसरी तिनीहरु एक अर्काबाट फरक छन् त ? एकछिन विचार गर्दा हामी पाउन सक्छौ कोही अग्ला छन् त कोही होचा त कोही चकचके छन् कोही लेख्न मन पराउछन्, कोही खेल्न मन पराउछन् कोही लज्जालु छन् त कोही गीत गाउनमा सिपालु छन् यस्ता उदाहरणको सूची लामो बन्दै जानसक्छ किनकी कुनै पनि दुई जना बच्चाहरु एकै किसिमका हुदैनन् ।

विशेष प्रकृति अवस्थाहरु जनजाति, दलित वालवालिका अल्प संख्यक समुदाय एवम् भाषा भाषि तथा राष्ट्रिय मूलधारमा नसमेटिएकाहरुका लागि छुट्टटाछुट्टै वातावरण र स्थितिमा शिक्षाको व्यवस्था गर्नुको साटो सवै बालवालिका समान हुन सबैका विशेष आवश्यकता छन् र ती सवै विशेष आवश्यकताका वालवालिकाहरुलाई एउटै विद्यालयको छातामूनी नियमित कक्षामा वैयत्तिक भिन्नता अनुरुपको सहयोगी व्यवस्थपानको साथ निर्वाध पहुँच पुऱ्याई राज्यले बालवालिकाको शिक्षा पाउने नैसर्गिक अधिकार सुनिश्चित गर्नुपर्दछ ।

हाम्रो देशमा अझै पनि महिला, वालवालिका, मजदुर दुर्गम क्षेत्रका बालवालिकाहरु विभेदिकरणमा परेका छन् शिक्षा शहरबाट गाऊँ वस्ती भन्दा धनी पहुँचवालाको मस्ती बन्न पुगेको छ र असहाय अनाथहरुमा मलमपट्टि लाउन सकेको छैन । यस शोधकार्यले समाहित शिक्षा कार्यक्रमको उद्धेश्य र लक्ष्य अनुरुप लगानी र प्रक्रियाहरु के कसरी सञ्चालित छन् ती कार्यक्रमहरुको प्रभावकारिता कस्तो छ । त्यो कार्यक्रम सकारात्मक छ कि नकारात्मक दिशा तर्फ उन्मुख छ सुधारका लागि आवश्यक सर्तहरु के-के हुन सक्छन् कार्यक्रम सञ्चालनमा देखापरेका समस्याहरुको निराकरण गर्न समाहित शिक्षाको वारेमा जानकारी राख्न उत्सुक सम्पूर्ण शिक्षाविद, योजनाकार, पाठ्यक्रमविद, स्थानिय वुद्धिजिवी तथा सरकारी र गैह्रसरकारी संस्थाहरुलाई आवश्यक जानकारी उपलव्ध गराउन समेत यस अध्ययनले सहयोग गर्दछ । यस शोध पत्रले सिफरिस गरेका उपायहरुलाई अरु विद्यालयहरुमा लागु गर्न सहयोग पुग्ने उपलब्ध साधान र श्रोतको सही ढंगले सदुपयोग गर्न सहयोग पुऱ्याउने छ । राष्ट्रिय स्तरमा पनि यस अध्ययनको महत्व रहेको छ किनकी समाहित शिक्षाको वारेमा अध्ययन अनुसन्धान कमै भएको छ ।

## १.४. अध्ययनको उद्धेश्य

यस शोधकार्यका उद्धेश्यहरु निम्न छन् ।

क) समाहित शिक्षा कार्यक्रमहरूको प्रभावकारिताको पहिचान गर्नु।

ख) समाहित शिक्षाकार्यक्रमको प्रयोगको अवस्था पत्ता लगाउनु ।

ग) समाहित शिक्षा कार्यक्रमको व्यवस्थापनको अवस्थाको विश्लेषण गर्नु

घ) समाहित शिक्षा कार्यक्रममा देखापरेका समस्याहरू सुझाउनु।

## १.५ अनुसन्धनात्मक प्रश्न

शोधकार्य सम्पन गर्ने उद्धेश्यका लागि समाहित शिक्षा कार्यक्रमको विविध समस्याहरुको समाधान पहिल्याउन निम्नानुसारको प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिने छ ।

क) के सहमाहित शिक्षा सम्बन्धमा सरकारी क्षेत्रबाट संचालित कार्यक्रमहरू प्रर्याप्त र प्रभावकारी छन्?

ख) के समाहित शिक्षा कार्यक्रमको प्रयोगको अवस्था सन्तोष जनक छ?

ग) के समाहित शिक्षाका भौतिक र मानवीय व्यवस्थापन प्रभावकारी छन्?

घ) समाहित शिक्षा कार्यक्रमका बाधाहरू केके हुन्?

## १.६ अध्ययनको परिसीमाः

यस अध्ययनलाई मोरङ्ग जिल्ला पहिले देखी विशेष शिक्षा अन्तर्गत रही हाल समाहित शिक्षा अन्तर्गत रहेका ७ वटा विद्यालयहरु मध्ये तीनवटा विद्यालयहरु महेन्द्र उ.मा.वि, सुनपकुवा उ.मा.वि. र सुकुना मा.वि.मा केन्द्रित गरिने छ। समाहित शिक्षाको प्रभावकारीताको लागि समाहित शिक्षाको प्रयोगको अवस्था व्यवस्थापनको अवस्था र कार्यक्रम कार्यन्वयनमा देखापरेका वाधाहरुको पक्षमा मात्र शोधकार्यलाई सीमित गरिने छ । वि.स. २०६७ साललाई अध्ययनको वर्ष मानिएको छ । साधन श्रोत र समयको सिमितताले गर्दा यस अध्ययनमा समाहित शिक्षा अन्तर्गत रहने १४ प्रकारका बालबालिकाहरु मध्ये ४ प्रकारका बालवालिकाहरु बालिका/महिला, अपाङ्ग, जनजात्ति बालवालिका र दलित बालबालिकामा मात्र अध्ययन सिमित गरिने छ। साथै उक्त विद्यालयहरुका प्राथमिक तहलाई विशेष अध्ययनमा समेटिएको छ।

## १.७ सान्दर्भिक शब्दावलीहरूको परिभाषाः

भेद्भाव र एकांकीको अवस्था : व्याक्ति, परिवार र समुदायमा अज्ञानता र डरका कारण बेवास्ता, अवहेतिल, बहिष्कृत र शोषित भई शिक्षाबाट बञ्चित भएको अवस्था ।

विशेष शिक्षा व्यवस्था : मुलधार समाज र विद्यालयबाट अलग राखेर शिक्षा दिने व्यवस्था, विशेष पाठ्यक्रम र विशेष शिक्षकको व्यवस्था सहितको ।

| | |
|---|---|
| एकीकृत शिक्षाः | सामान्य विद्यालय कै सेरोफेरोमा र नियमित कक्षाहरुमा पठन पाठन, श्रोत शिक्षक र विशेष श्रोत कक्षाहरुको व्यवस्था । |
| समाहित शिक्षा : | सबै प्रकारका विद्यार्थीहरुको सिकाई आवश्यकताहरुको समायोजन र परिपूर्ति गरि विद्यालय जीवनका सवैपक्षमा समाहित हुन सक्ने वातावरण भएको विद्यालयको व्यवस्था । |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकनः

समाहित शिक्षा सम्बन्धी सन्दर्भ सामग्रीहरुको समिक्षा गर्ने क्रममा सम्वन्धित पत्र पत्रिका, लेख, रचनाहरु, शोधग्रन्थ तथा अनुसन्धनात्कक लेख र नेपाल अधिराज्यको सविधान २०४७ तथा नेपालको अन्तरिम संविधान २०६३ विषेश शिक्षा नीति २०५३, अपाङ्ग सम्बन्धि राष्ट्रिय नीति कार्ययोजना, नेपाल राजपत्र, बालअधिकार सम्बन्धि महासन्धी सन् १९८९ को अध्ययन गरिएको छ ।

नेपालको सन्दर्भमा समाहित शिक्षा नयाँ अवधारणा हो । समाहित शिक्षा कार्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग र डेनमार्कको काउण्टी अफ कोपन हेगन र रोयल डेनिस युनिभर्सिटी अफ एजुकेशन बीचको संस्थागत सम्बन्ध (ILP) कार्यक्रम अर्न्तगत सन् २००० बाट डेनिस सरकारको प्राविधिक सहयोगमा समाहित शिक्षाको परिक्षण कार्यक्रम शुरु भयो । उक्त कार्यक्रम सर्वप्रथम बाँके, उदयपुर, काभ्रे र सिन्धुपाल्चोक जिल्लाका १२ वटा विद्यालयमा सञ्चालन गरिएको थियो । समाहित शिक्षाको परिक्षण कार्यक्रम अन्तर्गत गरिएका प्रमुख क्रियाकलापरु सबै शिक्षकहरुको सहभागितामा कार्यशाला सञ्चलन विद्यालय सँग सम्बन्धित व्यवस्थापन समितिका पदाधिकारी एंव अन्य अभिभावकहरुको सहभागितामा बैठक लगायत सेमीनार सञ्चालन गरिएको थियो । प्राथमिक कक्षाहरुमा वैयक्तिक विद्यार्थीहरुको लेखाजोखा गरेर छिटो सिक्ने माध्यम सिकाई क्षमता भएको र ढिलो सिक्ने गरि तीन भागमा वर्गीकरण गरिएको, विद्यार्थी अनुकुल हुने सिक्ने वातावरण वनाउन कक्षाकोठाको अचल फर्निचरलाई लचिलो बनाएको विद्यार्थीहरुको सिकाईलाई व्यवस्थीत बनाउनको लागि समुह-समुह बनाइएको शिक्षकहरुका लागि सामग्री निर्माण र सामग्रीको बहु प्रयोग गर्ने तरिका सिकाईएको थियो (कट्टेल, २०६६) ।

२०६० (शिक्षा विभाग)का अनुसार समाहित शिक्षाको अवधारणा र विकासलाई निम्न अनुसार उल्लेख गरेको छ ।

भेद्भाव र एकांकीको अवस्था, व्याक्ति, परिवार र समुदायमा अज्ञानता र डरका कारण बेवास्ता, अवहेतिल, बहिष्कृत र शोषित भई शिक्षाबाट बञ्चित भएको अवस्था । विशेष शिक्षा

व्यवस्था, मुलधार समाज र विद्यालयबाट अलग राखेर शिक्षा दिने व्यवस्था, विशेष पाठ्यक्रम र विशेष शिक्षकको व्यवस्था सहितको । एकीकृत शिक्षा, सामान्य विद्यालय कै सेरोफेरोमा र नियमित कक्षाहरुमा पठन पाठन, श्रोत शिक्षक र विशेष श्रोत कक्षाहरुको व्यवस्था । समाहित शिक्षा, सबै प्रकारका विद्याथीहरुको सिकाई आवश्यकताहरुको समायोजन र परिपूर्ति गरि विद्यालय जीवनका सवैपक्षमा समाहित हुन सक्ने वातावरण भएको विद्यालयको व्यवस्था ।

समाहित शिक्षाले अपाङ्गता मात्र नभएर शिक्षाको अवसरबाट बञ्चित रहेका तथा सिकाईमा मूलत परिस्थिति जन्म वा अन्य कारणले कठिनाई भोगिरहेका सवैखालका बालवालिकालाई समेटदछ । यो एउटा छुट्टै नयाँ कार्यक्रम नभएर भैरहेको प्राणालीमा सुधार गरि "सवैका लागि शिक्षा" अथवा सवै खालका केटा केटीहरुलाई विद्यालयमा स्वागत गरि आवश्यकता तथा खाँचो बमोजिमको शिक्षा तथा तालिम प्रदान गर्नु हो । समाहित शिक्षालाई केही अगाडि अपाङ्गहरुका लागि मात्र भएको शिक्षाको रुपमा वर्णन गरिएको थियो । अहिले यो अवधारणमा परिवर्तन आएको छ । सिकाईका लागि कुनै पनि कारणले बहिस्कृत भएका वर्गका लागि विद्यालयले विद्यालयमा स्वागत योग्य वातावरण तयार गरि सहभागी गराउनु पर्दछ (शिक्षा विभाग, २०६४) ।

समाहित शिक्षा परीक्षण कार्यक्रम लागु भएका जिल्लाहरुको संयुक्त कार्यशाला गोष्ठीको प्रतिवेदनमा उल्लेख भए अनुसार समाहित शिक्षाको रणनीती यस प्रकार छ । समाजमा विभिन्न पक्षका बालवालिकाहरु रहने हुदाँ सवैलाई अनुकूल हुने गरि समाज र विद्यालय बीच सुमधुर र गहिरो समन्वय कायाम गर्न सवै पक्षलाई जिम्मेवारी वहन गर्ने । समाजमा रहेका विभिन्न किसिमका बालवालिकाहरुको शैक्षिक एवंम् सामाजिक हित हुने क्रियाकलाप सोही समाजवाटै महसुस गरि शुरु गर्ने । पिछडिएको वर्गका वालवालिकाहरुलाई शिक्षाको समान अवसर उपलव्ध गराउन सवै पक्षले जिम्वेवारी वहन गर्ने। विद्यालयको वातावरण समाजमा भएका विभिन्न किसिमका बालबालिकाहरु अनुकूल बनाउने । स्थानिय स्तरबाट आधारभूत तथा आवश्यक श्रोत साधनहरु उपलव्ध गराउने । नेपालका विद्यालयहरुमा यहाँकै वातावरण अनुकूल समाहित शिक्षा कार्यक्रमको विकास र कार्यान्वयन गरी कसरी गुणात्मक शिक्षाको विकास गर्न सकिन्छ भन्ने सम्बन्धमा परिक्षण कार्यक्रम सञ्चालन गर्ने, सबै किसिमका बालबालिकाहरु लागि अनुकूल हुने गरि विद्यालयको वातावरण विकास गर्ने, बालवालिका अनुकूल सिकाई गर्ने खालको वातावरण विकास गर्ने । कक्षाकोठा व्यवस्थापन

बालवालिका अनुकूल गर्ने, शिक्षण सिकाई क्रियाकलापमा शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने । विद्यालय विकासका लागि समुदायका व्यक्तिहरुको संक्रिय संलग्नता गराउने ।

नेपाल सरकारद्धारा प्रकाशित, नेपाल राजपत्र खण्ड ५६ काठमाण्डौमा अपाङ्गताको परिभाषा गरेको छ । जस अनुसार " शारिरिक अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याको कारण भौतिक, सामाजिक, साँस्कृति वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाई हुने अवस्थालाई अपाङ्गता भनिन्छ" । (नेपाल राजपत्र २०६४)

हाम्रो देशको जनसंख्याको १० प्रतिशत कुनै न कुनै प्रकारको अपाङ्गताले ग्रशित छन् । ई. सं २००६ जुलाई सम्मको आँकडा अनुसार नेपालको जनसंख्या २ करोड ८० लाख छ । यस अनुसार हाम्रो देशमा अपाङ्गगता भएको मानिसको संख्या करिब २८ लाख छन् र अपाङ्गता भएका बालवालिकाको संख्या करिव १३ लाख छ । ( केन्द्रित तथ्याङ्क विभाग) ।

के हातका दशवटा औलाहरु सबै वरावर एकनाशका छन् त? प्रत्येक औला एक अर्काबाट फरक छ । हाम्रो बायाँ हातको कान्छी औँला त झन सवभन्दा कमजोर हुन्छ भन्ने गरिन्छ । तर त्यसो हुदैमा त्यो कान्छी औँला कामै नलाग्ने हो त ? त्यो कान्छी औला बिना हातको मुट्ठी कसेर बाँध्न कोशिस गरि हेरौ त ! मुट्ठी कमजोर हुन्छ । अर्थात दशओटा औला मध्ये प्रत्येकको आ-आफ्नो भूमिका महत्व छ ।

नेपालको अन्तरिम संविधान २०६३ मा उल्लेख गरिएको छ । "प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारित शिक्षा पाउने हक हुनेछ "। नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ धारा १७ मा "प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ( नेपालको अन्तरिम संविधान २०६३) ।

शिक्षा प्राप्त गर्नु सवैको नैसर्गिक अधिकार हो । शिक्षा प्राप्त गर्ने अवसरवाट कसैलाई पनि बञ्चित गरिनु हुन्न । सबै नागरिकलाई शिक्षा दिनु राज्यको दायित्व भित्र पर्दछ । मानवमा वैयक्तिक भिन्नता हुन्छ । मानविय वैयक्तिक भिन्नतालाई विशेष आवश्यकता शिक्षाले स्वीकार गर्दछ । विशेष आवश्यकता भएका बालवालिकाहरुलाई उनीहरुको आवश्यकता अनुकूल शिक्षा दिनु पर्दछ । विशेष आवश्यकता भएका बालबालिकाहरुलाई शिक्षा दिन छुट्टै

शिक्षालयको स्थापना नगरी साधारण बालवालिक संग राखेर शिक्षा दिन समाहित शिक्षाले सहयोग गर्दछ ।

सन् २००८ मा प्राथमिक तहदेखि माध्यमिक तहसम्मका कुल छात्रा छात्र र दलित तथा जनाजतीको भर्नादर हेर्दा ठूलो अन्तर रहेको छ। सन् २००४ को तथ्याङ्कभन्दा वर्तमानमा सुधार उन्मुख स्थिति देखिए पनि अझै पनि छात्रा छात्रबीचमा समानता ल्याउन रान्यले सकारात्मक विभेदजन्य कार्यक्रम, कार्यन्वयनमा ल्याउन जरुरी देखिन्छ। विद्यालय बाहिर रहेका करिब ८% बालबालिका लाई विद्यालयभित्र ल्याउन तथा तिनीहरूलाई निःशुल्क तथा गुणस्तरीय शिक्षा प्रदान गर्न राज्यले विद्यालय सुधार योजना अनुदान, विद्यालय व्यवस्थापन खर्च र मसलन्दा खर्च समेत समावेस गरी प्रति विद्यार्थीमा आधारित Non salary Recurrent अनुदानको व्यवस्था गरेको छ।

यसैगरी विभिन्न नामबाट छात्रावृति, दलित, ५०% छात्रा छात्रावृति, माध्यमिक शिक्षा छात्रवृति, सहिदका छोराछारीलाई छात्रवृति, अपाङ्ग छात्रवृति, सिमान्त गरिबी रेखामुनी रहेका लोपोन्मुख जनजातीका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाह समाहित गर्न लोपोन्मुख छात्रवृति कर्णाली अञ्चलका सबै छात्राहरूका लागि छात्रावृति आदि पनि निरन्तर रुपमा वितरण भएको छ। विद्यालय परिसरमा ल्याउन नसकिएका अति सम्बेलनशील अवस्थामा रहेका घरेलु कामदार तथा सडक बालबालिकाका लागि शैक्षिक कार्यक्रम, भौगोलिक विकटता तथा वातावरणीय प्रभाव पर्ने स्थानमा घुम्ती विद्यालय संचालन गर्ने जस्ता कार्यक्रम मुस्ताङमा राष्ट्रिय नि.मा.वि. (लामाङथाङमा) पनि गरिएको छ।

यसैगरी लामो समयदेखि चलिरहेका गुरुकुल, गुम्बा तथा मोदरसा जस्ता धार्मिक संस्थालाई विद्यालय शिक्षामा मूल प्रवाहिकरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ। भर्नादर वृद्धि गर्न र शिक्षाको अवसरबाट वन्चित भएका बालबालिकाहरूलाई मूल प्रवाहिकरण गरी शिक्षाको उज्यालो ज्योति ग्रहण गर्न यति मात्र नभएर फिडर छात्रावा, दुर्गम स्थानका महिला शिक्षकका लागि होष्टेलको व्यवस्था पनि छ (गौतम, २०६६)

## २.२ अध्ययनको सैद्धान्तिक खाकाः

समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता सम्बन्धी यस अध्ययनबाट उपलब्ध जानकारी एवम् तथ्यलाई विश्लेषण गर्ने कार्ल मार्क्सद्धारा प्रतिपादित अन्तरविरोधको सिद्धान्त र इल्टन मायो द्धारा प्रतिपादित मानव सम्बन्ध सिद्धान्तको वैचारिक खाकाको प्रयोग गरिएको छ।

कार्ल मार्क्स (१८१८) का अनुसार समाजमा असङ्ख्य अन्तरविरोधहरु हुन्छन् ति अन्तरविरोधहरु सत्रुतापूर्ण र मित्रतापूर्ण पनि हुन्छन् । एउटौ वर्गमा हुने अन्तर विरोधलाई मित्रता र अर्को वर्गमा अन्तर विरोधलाई शत्रुतापूर्ण अन्तर विरोध भनिन्छ । मित्रतापूर्ण अन्तरविरोधलाई आपसी छलफल, आलोचना, आत्माआलोचना, समिक्षा आदि प्रकृयाद्धारा समाधान गर्न सकिन्छ । समाहित शिक्षा कार्यक्मको प्रभावकारी कार्यन्वयन गराउनको लागि समाजमा भएका विभिन्न वर्गहरु जस्तौ महिला, आदिवासी, गरीवि, अपाङ्गग, सडक बालबालीका भौतिकरुपबाट कठिन परीस्थीति सामनाा गरिरहेका वर्गहरुसंग सुविधा सम्पन्न वर्ग बीच अन्तरविरोधहरु हुन्छन् । कुनै पनि समाजको सदस्य भएर जन्मनु भनेको पुर्वजन्मको पापको परिणाम होइन योत सामाजिक यथार्थता हो ।

कतिपय अपाङ्गग भएका बालबालिकालाई अज्ञानता र अन्धविश्वासको कारणले अभिभावक तथा परीवारले कोठा भित्र थुनेर राखेका  मर्मस्पर्सी उदाहरणहरु छन् । विद्यालयको वातावरण अपाङ्ग भएका बालबालीकाहरुको लागि अनुकुल नभएका कारणले यस्ता विद्यार्थीहरु विद्यालयाको ढोकैबाट फर्कन बाध्य छन् । त्यसौगरी विपन्नताको कारणले गर्दा हलिया र कमैयाका छोराछोरीहरु विद्यालय उमेरमा जानुको सट्टा होटलमा बालश्रमिक र मालिकको घरको काम गर्न वाध्य छन्। त्यस्तैगरी दुर्गम ग्रामीण भेगमा त्यो क्षेत्रका जनतालाई विद्यालयले आकर्षित गर्न सकिरहेको छैन । अझै पनि महिला, दलित, गरीब र अपाङ्गतालाई हेर्ने समाजको दृष्टिकोण परिवर्तन भएको छैन । छोरीलाई पढाउनु भनेको भीर खेतमा मल हालेर जोत्नु सरह, गरीवले पढे पनि काम नगरी खान पाइन्न, दलितले पढेर के गर्नू, गधा नुहाएर गाई हुदैन भन्ने जस्ता धारणले समाजमा परस्पर अन्तरविरोध कायम छ ।

यी गलत धारणलाई कार्ल मार्क्सको सकारात्मक अन्तरविरोधको सिद्धान्तद्धारा परिवर्तन ल्याउन सकिन्छ । किनकि महिला हुनु, गरीवी हुनु, अपाङ्ग हुनु भनेको प्राकृतिक कारणले हो ।

यसलाई सकारात्मक विभेदिकरणको माध्यमबाट त्यस्तो लक्षित समुहलाइ  केहि विशेष अवसरहरु प्रदान गरी समतामुलक र लोकतान्त्रीक समाज निमार्ण गर्न सकिन्छ (भट्ट, २०६१)।

इल्टन मायोका (१८८०) अनुसार संगठनमा काम गर्नेहरु बीच राम्रो सम्बन्ध छ भने काम राम्रो, छिटो, चाडो र स्तरीय हुन्छ । संगठनमा काम गर्नेहरु बिच सम्बन्ध राम्रो छैन भने काम स्तरीय हुदैन । समाहित शिक्षाको व्यवस्थापन सम्बन्धी अध्ययन गर्दा विद्यलयका सम्पुर्ण शिक्षक प्रधानाध्यापक, अभिभावक, कर्मचारी, व्यवस्थापन समितिका पदाधिकारीहरु बीचको सम्बन्ध सुमधुर छ भने समाहित शिक्षाको व्यवस्थापन र यसको कार्यन्वयन प्रभावकारी हुन्छ । मानव सम्बन्धको सिद्धान्तले मानव सम्बन्ध भनेको व्यवस्थापन र कामदारको अन्तरकृयामा निर्भर हुने कुरामा उल्लेख गरेको छ ।

व्यक्ति पनि व्यवसायको एक अंग हो । समुह सञ्चालन् नेतृत्व, उत्प्रेरणा, सहभागिता, सञ्चार र व्यक्ति जस्ता मानवीय व्यवहारले व्यवस्थापनलाई सहि दिशावोध गर्दछ । विद्यालयमा गरिने कार्यहरु सम्बन्धि सबै व्यक्तिहरु भेला भई एकआपसमा विचारबिमर्श गरी सर्वसम्मतिबाट निर्णय भएपछि मात्र काम गर्छन् । यसरी एकआपसमा राम्रो मानवीय सम्बन्ध राखेर काम गर्दा विभिन्न पृष्टभुमिबाट आएका विद्यार्थीहरुलाई शिक्षकले समान व्यवहार गरी शिक्षण गर्ने कार्यले विद्यार्थीहरुको उपलव्धी स्तर राम्म्रो देखिन जान्छ । संस्थामा काम गर्नेहरुको कमिकमजोरी पत्ता लगाई राम्रो संग काम गर्न समन्वय र उत्प्रेरणा प्रदान गर्नुपर्दछ।

शिक्षकले आफुलाई परेको समस्या प्रधानाध्यापक र स्टाफसंग राखेर एकआपसमा छलफल गरी समस्याको समाधान गर्नुपर्दछ । विद्यार्थीहरु एकआपसमा मिलेर वसी जान्नेले नजान्नेलाई सिक्न सहयोग पुऱ्याउनु पर्दछ । विद्यालयको प्रधानाध्यापक, शिक्षक, कर्मचारी र विद्यार्थी बिच राम्रो अन्तरकृया भएको छ । प्रधानाध्यापकले उनिहरु बिच सधै मित्रवत व्यवहार गर्दछन् । व्यवस्थापन गर्न सबैले व्यवस्थापकलाई आ–आफनो क्षेत्रबाट सक्दो प्रयास गरेकाछन् । प्रधानाध्यापकले शिक्षक र कर्मचारीहरुको कामको अवलोकन गरी उनिहरुको कमजोरी पत्ता लगाई सुधार गर्न सल्लाह र सुझाब दिने गरेका छन् । सांगठानिक कृयाकलापमा सबैको संलग्नता रहेको छ । इल्टन मायोले मानव सम्बन्धको सिद्धान्तहरु उल्लेख गर्दै भनेका छन् मानव सम्बन्धको विकास गर्ने प्रक्रियालाई Co-ordination by direct contact भनिन्छ । समाहित शिक्षा सम्वेदनशील भएकोले नितान्त फरक खालका बालाबालिकाहरुलाई एउटै कक्षा कोठामा ल्याएर शिक्षण गर्ने प्रक्रियालाई जोड दिएको पाइन्छ।

यसमा व्यवस्थापन पक्षले विद्यार्थी शिक्षक र कर्मचारीहरुलाई सोभ्कैं सम्पर्क गरी सञ्चालित शिक्षण प्रक्रियाबाट भएका राम्रा पक्षलाई निरन्तरता दिन सहयोग गर्न र देखिएको कमीकमजोरीहरु व्यवस्थापकीय रणकौशलबाट तुरुन्त निवारण गर्नुपर्दछ । यसरी व्यवस्थापन पक्षले विद्यार्थी शिक्षक र कर्मचारीहरुलाई सोभ्कै सम्पूर्ग गरी सञ्चालित शिक्षण प्रक्रियाबाट भएका राम्रा पक्षलाई निरन्तरता दिन सहयोग गर्न र देखिएको कमीकमजोरीहरु व्यवस्थापकीय रणकौशलबाट तुरुन्त निवारण गर्नु पर्दछ । यसरी व्यवस्थापन पक्षले शिक्षक विद्यार्थी र अन्य सम्बद्ध पक्षलाई समेट्न सकेन भने त्यस्तो अवस्थामा समाहित शिक्षाको उद्धेश्य पूरा हुन सक्दैन । जुनसुकै काममा समन्वय पहिले चरणबाट सुरु हुन्छ र आवश्यक पनि हुन्छ । समाहित शिक्षाको व्यवस्थापन व्यवस्थापक (प्रधानाध्यापक) व्यवस्थापन समिति, अभिभावक जस्ता सम्बद्ध पक्ष बीच एक आपसमा राम्रो छलफल विचार आदान प्रदान गरेर अगाडि बढ्नु पर्दछ ।

शिक्षणको महत्वपूर्ण पक्ष विद्यार्थी हो । समाहित शिक्षामा विभिन्न क्षमता आवश्यकता र स्तर भएका बालवालिकाहरुलाई शिक्षणमा समावेश गरिने हुँदा पहिले त यसको भावि कार्यक्रममा सम्बद्ध सवै पक्षको राम्रो मन्थन भएर कार्य कगाडि बढाउनु पर्दछ । दोस्रो विद्यालयमा पनि विद्यार्थी-विद्यार्थी र शिक्षक विद्यार्थी बीच सुरुको अवस्थादेखि नै समन्वयात्मक वातारणमा वस्न सिकाउनु पर्दछ । शैक्षिक संस्थामा साधन, श्रोत, पक्रिया र वातावरण बीच पारस्पिरक सुमधुर सम्वन्ध कायम राख्न समन्वयात्मक कार्य निरन्तर भइरहनु पर्दछ । विद्यालयलाई आवश्यक पर्ने साधन श्रोत कसरी कहाँबाट जुटाउने भन्ने कुरामा एक आपसमा समन्वय गरेर जुटाउनु पर्दछ । विद्यालयको वातावरण सिकाई अनुकूल बनाउन शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, व्यवस्थापन समिति र अभिभावकहरु पारस्परिक समन्वय गरी काम गर्छन् । यो शुरुमा एक पटक विचमा एकपटक विचमा एकपटक र शैक्षिक शत्रको अन्त्यमा एकपटक समन्वय गर्दैमा समाहित शिक्षाको खास उद्धेश्य पूरा हुन सक्दैन । तसर्थ यसलाई एउटा गुणस्तरीय पाटोको रुपमा सधै सम्बद्ध पक्षले राम्रो सँग समन्वय गरि शिक्षण व्यवस्थापन गर्नुपर्दछ ( कट्टेल २०६६) ।

## २.३. शैक्षिक उपादेयता

विश्वबाट निरक्षरता उन्मूलन गरी साक्षरता अभिवृद्धि गर्न अन्तराष्ट्रिय र राष्ट्रिय प्रयासहरु धेरै भएका छन् । शिक्षालाई चार दिवार भित्र कैद गर्नु हुदैन । शिक्षालाई गाउँ-

बस्तीमा नाङ्गो आङ्ग र भोका पेटहरुमा, अनाथ, अपाङ्गहरुमा पुर्‍याइ उनीहरुो जीवनमा उज्यालो पार्नुपर्छ भन्ने मान्यता राखी धेरै सेमिनार, कार्यशाला गोष्टीहरु तारे होटलमा सम्पन्न भए पनि हाम्रो जस्तो विकासोन्मुख मुलुकमा सवैलाईै प्राप्त सरल कम खर्चिलो र प्रभावकारी समाहित शिक्षा उपलव्ध गराउन सकिरहेको छैन । नगन्य रुपमा सञ्चालन भएका समाहित शिक्षा कार्यक्रमहरु पनि त्यति प्रभावकारी छैनन् । वास्तवमा समाहित शिक्षा सवै प्रकारका विद्यार्थीहरु जस्तो अपाङ्ग, अनाथ, सडक बालावालिका, धनी, गरिब विभिन्न जात्ति जनजात्ति लगायत सवैलाई एकै ठाउँमा राखी सरल सहज मैत्रि वातावरणमा सवैलाई समानजस्य कायम गरि शिक्षा दिलाई समुन्नत र समतामुलक समाज निर्माण गर्ने रामवाण हो भन्ने धारणको विकास अझैसम्म पनि भएको छैन । समाहित शिक्षा सम्बन्धमा शिक्षक, अभिभावक र सामाजका वुद्धिजीवीहरुको समेत ध्यान केन्द्रित हुन सकेको छैन ।

समाहित शिक्षालाई प्राथमिकताका साथ देशभर लागु गर्नुपर्दछ । हामीले समाहित शिक्षाको सिद्धान्तलाई व्यवहारिक रुपमा कार्यन्वयन गरेर देखाउनु आवश्यक छ । समाहित शिक्षाका आधुनिक प्रचलनहरुलाई शिक्षकले बुझि प्रयोग गर्नुपर्ने देखिन्छ । वैयक्तिक भिन्नतालाई पहिचान गरि उनीहरुको इच्छा, आवश्यकता र रुची अनुसार पढाउनु पर्दछ । आफ्नो परिवारमा रहेका अपाङ्ग बालवालिकाहरुलाई अभिभावकले विना भेदभाव विद्यालयमा अध्ययन गर्न पठाउनु पर्दछ । अपाङ्गता प्रतिको उत्तरदायित्व नेपाल सरकारले पूरा गर्नु पर्दछ । समाहित शिक्षाका ६ वटा उद्धेश्यहरु थिए । नेपालले आफ्नो देशको परिस्थिति अनुकूल एउटा उद्धेश्य थपि ७ वटा बनाएको छ । सन् २०१५ सम्ममा लैङ्गिक विभेद अन्त्य गर्ने, मातृभाषामा प्राथमिक शिक्षा दिने, महिलाको सवै तहमा ५० प्रतिशतले वृद्धि गर्ने, अल्पसंख्यक जनजात्ति महिला र पिछडिएको समुदायमा शिक्षाको पहुँच शुनिश्चित गर्ने। गुणस्तरिय र जीवन उपयोगी शिक्षाको सुनिश्चित गर्ने लक्ष्य कार्यन्वयन हुन सकेको छैन ।

समाहित शिक्षाको अवधारणले स्थानिय अवस्था र स्थानिय आवस्यकता सँगसँगै वैयक्तिक आवश्यकतालाई पनि उच्च प्राथमिकता दिन्छ । समाहित शिक्षा स्वंमा एउटा प्रक्रिया भएकोले निश्चित वर्गका निश्चित बालवालिकाका लागि मात्र समाहित शिक्षा भन्न मिल्दैन । यो सवै बालवालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको संरक्षक सिद्धान्त हो । अवसर पाएमा सवै बालवालिका सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास राख्दछ । विद्यालय सेवाक्षेत्र भित्रका सवै किसिमका बालबालिकाका लागि अनुकुल विद्यालय वातावरण, व्यक्तिगत विभिन्नतालाई

सम्मान गर्ने, अर्थपूर्ण सिकाईमा सहभागि गराउने, शैक्षिक संरचना, प्रणाली र प्रक्रियालाई सबै बालवालिकाको आवश्यकता सुहाउदो बनाउने सहयोगी सुधार प्रक्रिया हो । समान्तर कार्यक्रम होइन । वालवालिकालाई के पढाउने भन्दा पनि उनीहरुले के र कसरी सिक्न सक्छन भन्ने सम्बन्धमा चासो राख्दछ । वालबालिकाको आत्मानिर्णयको अधिकारलाई सम्मान गर्दछ । शैक्षिक क्षेत्रमा प्राविधिक र सङ्गठनात्मक परिवर्तनको कुरा गर्दछ । विद्यार्थीको अन्तनिहित प्रतिभा प्रस्फुटन गर्न आकर्षक अनुकूल कक्षा कोठा बालकेन्द्रित शिक्षण सिकाई निरन्तर मूल्यङ्कन र पृष्टपोषण। विद्यार्थीको आवश्यकता अनुसार थप सहयोग र सुविधा उपलव्ध गराउने सिकाईका नयाँ अवधारणहरुको खोजी गर्दै बालवालिका आत्मा सम्मान अभिवृद्धि गरि समतामुलक र लोकतानित्रीक समाजको निर्माणमा जोड दिन्छ ।

# परिच्छेद तीन : अध्ययन विधि

अध्ययन अनुसन्धन एउटा जटिल र महत्वपूर्ण कार्य हो । जुनसुकै क्षेत्रको अध्ययन तथा अनुसन्धनबाट विषयवस्तु अर्थात अनुसन्धानको शीर्षकको प्रभावकारिता र समस्याको विषयमा महत्वपूर्ण र व्यापक जानकारीहरु लिई निष्कर्षमा पुग्न सहयोग पुग्दछ । समाहित शिक्षाको प्रयोगको अवस्था व्यवस्थापनको अवस्था र समाहित शिक्षाका बाधा तथा चुनौतिको पक्षमा देखिएको समस्याहरुको समाधन गर्न उपायहरुको खोजी गर्न मोरङ्ग जिल्लाको विशेष शिक्षा अन्तर्गत  समाहित शिक्षा लागु भएका ३ वटा विद्यालयहरुमा  समाहित शिक्षाको वर्तमान प्रयोगको अवस्था र व्यवस्थापन पक्षको अवस्थाको अध्ययन गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अनुसन्धान व्याख्यात्मक विषयलाई समेटिएको मूलतः परिमाणात्मक किसिमको छ । यस अनुसन्धानमा तथ्याङ्क संकलन, टेवुलेसन, विश्लेषण, विद्यालयको अवलोकन गर्ने क्रममा प्रश्नावली, अन्तक्रिया, छलफल, रुजु सुची जस्ता साधनहरुको प्रयोग गरिने छ । प्राथमिक र द्धितिय दुवै प्रकृतिका श्रोतहरुको प्रयोग गरिने छ । यस अनुसन्धानको परिसिमा भित्रका ३ वटा विद्यालयलाई मात्र लिइएको छ । यसमा कुनै अवस्था प्रकृया समस्या तथा घटनाको व्याख्या विस्लेषण शाब्दिक रुपमा गरिने गुणात्मक ढाँचा र कुनै पनि विषय वस्तु समस्या मुद्धासँग सम्बन्धित विभिन्न चरणहरूबीचको सम्बन्धलाई संख्यात्मक मूल्यमा आधारित भई गरिने अध्ययन परिमाणात्मकलाई यस अध्ययनमा अध्ययनको प्रकृति अनुसार यी दुवै ढाँचाको प्रयोग गरिएको छ।

## ३.२. जनसंख्या

साधन श्रोत र समयलाई ध्यानमा राख्दै यस अध्ययनमा बाधिएको पसिमा अनुसार अनुसन्धानलाई मोरङ्ग जिल्लाका पहिले विशेष शिक्षा हाल समाहित शिक्षा अन्तर्गत रहेका ७ वटा विद्यालयहरु त्यहाँ कार्यरत प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावक, विद्यार्थी, सि.वि.आर. मोरङ, अपाङ्ग महासंघ मोरङ, जिल्ला शिक्षा कार्यालय मोरङलाई जनसंख्याको रुपमा लिइएको छ । जनसंख्याको रुपमा लिइएका विद्यालयहरुको नामावली अनुसूचीमा संलग्न गरिएका छ।

## ३.३ नमुना छनोट र प्रकृया तथा विधिः

नमुना छनोट विधिमा उल्लेखित जनसंख्याबाट उद्देश्यमुलक र सम्भावनायुक्त छनोटको प्रयोग गरी ३ विद्यालयका प्र.अ.हरू १-१ गरी घ जना, ३ वटै विद्यालयका २-२ शिक्षकहरू गरी ६ जना, वि.व्य.स.बाट २-२ जना गरी ६ जना अभिभावकबाट २-२ जना गरी ६ जना विद्यार्थीबाट २-२ गरी ६ जना, जि.शि.का.बाट एक जना, सि.वि.आर. बाट एकजना अपाङ्ग महासंघ बाट एकजनालाई मात्र नमुनाको रुपमा लिई तीन वटा विद्यालयको सीमाभित्र रही अनुसन्धान गरिएको छ ।

## ३.४ नमुना छनौटको आधार

भौगोलिकता, आर्थिक मितव्ययिता, विश्वासनीयाता आधारमा वैद्य सूचना प्राप्त गर्न सकिने हुनाले नमूना छनौट गर्दा मोरङ्ग जिल्लामा अपाङ्ग बालवालिकाका लागि सञ्चालनमा रहेका समाहित शिक्षा अन्तर्गतका ७ वटा विद्यालयहरुमध्ये तीन वटा विद्यालयहरुलाई मात्र अध्ययन गरी, तथ्याङ्क संकलन गरी विस्लेषण गरिएको छ ।

## ३.५ अनुसन्धानका साधनहरु

समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता नामक अनुसन्धान गर्ने सिलसिलामा छनौट गरिएको जनसंख्यालाई निम्नानुसार साधन प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ।

क) प्रश्नावली

ख) अन्तरवार्ता

ग) दस्तावेज अध्ययन

घ) अवलोकन

ङ) छलफल

## ३.६ तथ्याङ्कका श्रोतहरु

यस अनुसन्धानमा तथ्याङ्क संकलनको प्राथमिक श्रोतको रुपमा विद्यालयमा रहेका अभिलेखहरु , प्र.अ. शिक्षा, अभिभावक विद्यार्थी, वि.व्या.स. अध्यक्षहरु रहेका छन् । उल्लेखित पक्षहरु वाट प्राप्त जानकारी र सूचनाहरुका साथै विद्यालय तथ्याङ्क फारम तथा अभिलेख, अवलोकन, अन्तरवार्ता, छलफल नै तथ्याङ्क संकलनका द्वितीय श्रोतहरु हुन ।

### ३.६.१ प्राथमिक तथ्याङ्क

अध्ययनका क्रममा नमूना छनौट भएका विद्यालयहरुमा गई अन्तरवार्ता, प्रश्नावाली, अवलोकन र छलफलका माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरी आवश्यक जानकारी प्राप्त गरिएको छ ।

### ३.६.२ द्वितीय तथ्याङ्क

यो अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन प्राथमिक श्रोतबाट प्राप्त सूचना तथा जानकारीहरुको साथै द्वितीय श्रोतका रुपमा वि.व्या.स. बैठक निर्णय पुस्तिका विद्यालयको वार्षिक कार्ययोजना, वार्षिक कार्यक्रम जस्ता दस्तावेजहरुको अध्ययन र अवलोकनद्धारा सूचनाहरु संकलन गरी अध्ययन गरिएको छ ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया

समाहित शिक्षाको प्रभावकारिताको अध्ययन गर्नका लागि शिक्षा सँग प्रत्यक्ष सरोकार राख्ने प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक तथा विद्यार्थीका लागि उनीहरुको यस सम्बन्धमा राय बुभ्न्  तथ्याङ्क संकलनको लागि प्रश्नावली बनाई नमूनामा परेका विद्यालयहरुको लिखित प्रश्नावलीको माध्यमद्धारा सम्बन्धित विद्यालयमा आफै गाई प्रश्नावलीको वारेमा अभिमुखिकरण गराई उनीहरुलाई नै भर्न लगाएर तथ्याङ्क संकलन गरिएको छ । साथै सम्बन्धित विद्यालयका दस्तावे कागजातहरू प्र.अ. बाट उपलब्ध गराई आवश्यक विवरण संकलन गरी सही तथ्याङ्क खोजी अनुसन्धान गर्न खोजिएको शीर्षक अनुरुप गहन अध्ययन गरिएको छ।

## ३.८. तथ्याङ्ग विष्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानको गहन एवं महत्वपूर्ण अंगको रुपमा तथ्याङ्क विश्लेषणलाई लिइन्छ । विभिन्न पत्रपत्रिका, लेख रचना साथै प्राथमिक द्धितीय र अन्य श्रोतबाट प्राप्त हुन आएका तथ्याङ्कलाई क्रमवद्ध रुपमा राखी विश्लेषण गर्ने कार्यलाई अध्ययन अनुसन्धानको मुटुको रुपमा लिएको छ। । यसरी अध्ययनको क्रममा प्राप्त तथ्याङ्कको विश्लेषणबाट अध्ययन कार्यलाई अझ प्रभावकारी बनाउने कोशिष गरिएको छ । अनुसन्धान कार्यमा तथ्याङ्क संकलन गर्दा संकलित तथ्याङ्कहरुलाई तालिका चार्ट प्रतिशत तथा तुलनात्मक आधारमा विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विस्लेषण र प्रस्तुतिकरण

प्रस्तुत परिच्छेदमा समाहित शिक्षा कार्यक्रमको प्रभावकारितासँग सम्बन्धित प्र.अ., शिक्षक, वि.व्य.स., अभिभावक, स्रोत व्यक्ति, विद्यार्थीहरू, जि.शि.का. सि.बि.आर. नेपाल अपाङ्ग महासंघसँग अनतरक्रिया छलफल प्रश्नावली अन्तरवार्ता आदिको माध्यमबाट प्राप्त सूचनाहरूलाई यसमा समेटिएको छ। यस अध्ययनले समाहित शिक्षा सम्बन्धमा सरकारी क्षेत्रबाट संचालित कार्यक्रमहरूको प्रभावकारिताको सम्बन्धमा ती कार्यक्रमहरूको वर्तमान अवस्था समाहित शिक्षा कार्यक्रमको प्रयोगको अवस्था, व्यवस्थापनको अवस्था, यसको कार्यन्वयनमा देखिएका समस्याहरू एवम् समस्या निराकरणका उपायहरूबारे छलफल अन्तरवार्ता, भेटघाट, दस्तावेज अध्ययन आदिबाट प्राप्त तथ्याङ्क एवम् सूचनाहरूको विस्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ।

## ४.१. समाहित शिक्षा कार्यक्रमले लक्षित समूहलाई पारेको प्रभाव

शैक्षिक अवसरबाट बञ्चित रहँदे आएका सिमान्तकृत तथा विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि कार्यक्रमहरूमा दलित छात्रवृति कार्यक्रम, छात्रा छत्रवृति र प्रोत्साहन कार्यक्रम, अपाङ्ग बालबालिकाहरूको लागि शैक्षिक कार्यक्रम संचालन, सडक बालबालिकाहरूका लागि कार्यक्रम संचालन, समाहित शिक्षाको अवधारणा एवम् विद्यालय सुधार पद्धति बारे सरोकारवालाहरूलाई अभिमूखिकरण कार्यक्रम, विद्यालयको विकास तथा गुणस्तरियताको लागि समुदायद्वारा विद्यालयको व्यवस्थापन गर्ने कार्यक्रम, अनौपचारिक शिक्षाका साथै आयमूलक कार्यक्रम संचालन र महिला साक्षरता कार्यक्रममा जोड, प्रा.वि. देखि मा.वि. तहका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्य पुस्तक वितरण, कर्णाली अञ्चलका लागि विशेष शैक्षिक कार्यक्रम संचालन, समाहित शिक्षाको विकासका लागि कोर ग्रुप गठन तथा द्वैभाषिक/बहुभाषिक परियोजना परीक्षणको रुपमा लागु भएहका छन्। यी कार्यक्रमहरू मध्ये लक्षित समूहहरू दलित, छात्रा, अपाङ्ग (सुस्त श्रवण तथा वौद्धिक अपाङ्गता), जनजाती बालबालिकाहरू रहेकोले यस शीर्षकमा लक्षित समूहलाई पारेको प्रभावको लेखाजोखा गरिएको छ।

### ४.१.१ लक्षित समूहको समावेसीको अवस्था

समाहित शिक्षाले लक्षित गरेका विद्यार्थीहरू विद्यालयले कुन हदसम्म समेटेको छ र लक्षित कार्यक्रले के कस्तो प्रभाव पारेको छ भन्ने कुराको विस्लेषण निम्न तालिकामा देखाइएको छ।

तालिका नं. १ विद्यालयका लक्षित समूहका विद्यार्थीहरूको अवस्था:

| क.सं. | विद्यालय | लक्षित समूह | | | | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | दलित | अपाङ्ग | छात्रा | जनजाती | | |
| १. | श्री महेन्द्र उ.मा.वि. इटहरा | २० (७.२७%) | १२ (३.५१%) | २५० (४५.४३%) | ६८ (१४.४२%) | १५० (२९.३८) | ५०० |
| २. | श्री सुनपकुवा उ.मा.वि. उर्लाबारी | ४० | २० | २०० | १०० | १३५ | ४९५ |
| ३. | श्री सुकुना मा.वि. इन्द्रपुर | ६० | २६ | ३०० | ७० | २०० | ६५६ |
| | जम्मा | १२० | ५८ | ७५० | २३८ | ४८५ | १६५१ |
| | प्रतिशत | (७.२७%) | (३.५१%) | (४५.४३%) | (१४.४२%) | (२९.३८) | (१००%) |

चित्र नं. १ विद्यालयका लक्षित समूहका विद्यार्थीहरूको अवस्था:

स्रोत: विद्यालय सर्वेक्षण २०६७

उपरोक्त तालिका तथा स्तम्भ चित्रमा उल्लेख गरिएका लक्षित समूहहरू सर्वेक्षण गरिएका विद्यालयका जम्मा १६५१ विद्यार्थीहरूमध्ये १२०जना ७.२७% विद्यार्थीहरू दलित, ५८ जना ३.५१% अपाङ्ग, ७५० जना ४५.४३%, छात्रा, २३८ जना १४.४२% जनजाती र ४८५ जना २९.३८ अन्य रहेका पाइयो। लक्षित गरिएका समूहमध्ये सबभन्दा थोरै अपाङ्ग ३.५ प्रतिशत र सबैभन्दा बढी छात्रा ४५.४३ रहेको पाइयो। यो तथ्याङ्कको आधारमा छात्राहरू विद्यालय शिक्षामा बढी समावेस भएको पाइयो।

### ४.१.२. दलित छात्रावृति कार्यक्रमको प्रभावकारिताः

विद्यालय शिक्षामा बञ्चित रहेका उत्पीडित दलितहरूलाई शिक्षाको मूल धारमा समाहित गर्ने उद्देश्यले समाहित शिक्षा कार्यक्रम अन्तरगत दलितहरूलाई भेदभाव रहित वातावरणमा शिक्षा प्रदान गर्ने उद्देश्यले दलित छात्रवृति कार्यक्रमको व्यवस्था गरिएको छ। दलित छात्रावृति कार्यक्रमले निरपेक्ष गरिवीको रेखामुनी रहेका दलित बालबालिकाहरूलाई विद्यालय सम्म डोहोऱ्याउने साधन दलित छात्रावृति कार्यक्रम बनेको छ। हुन त हुनेखाने दलितहरूले यसलाई मगी खाने भाँडो बनाएको भन्ने पनि सुनिन्छ जे होस यस कार्यक्रमले दलितहरूलाई शिक्षामा थप हौसला प्रदान गरेको छ। विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका दलितहरू मध्ये महेन्द्र उ.मा.वि.मा २० जना दलित, सुनपकुवा उ.मा.वि.मा ४० जना दलित र सुकुना उ.मा.वि. मा ५५ जना दलितहरूलाई छात्रवृतिले प्रभाव पारेको पाइयो। यो छात्रवृतिको कारण केही दलितहरू प्रथम श्रेणीमा पास गरेका र विद्यालय नियमित आउने गरेको पाइयो। दलित छात्रवृतिबाट प्राप्त रकम शिक्षा तर्फ लगानी गरेका पाइयो।

### ४.१.३. छात्रा, छात्रवृति कार्यक्रमको प्रभावकारिताः

कुल ५०% छात्राहरूलाई छात्रा छात्रवृति र शिक्षाको लागि खाद्य कार्यक्रम अन्तरगत दिवा खाजाको अतिरिक्त २ लिटर खानेतेल उपलब्ध गराउँदे आएको छ। सानथै १८ जिल्लामा संचालित फिडर छात्राबास अन्तरगत छात्राहरूको अध्ययन अवसरलाई सुलभ बनाइएको छ। तीनवटै विद्यालयहरूमा ५०% छात्राहरूलाई छात्रवृति आएकोमा महेन्द्र उ.मा.वि.ले त्यो एकमुस्ट पैसाको सबै छात्राहरूलाई मिलाएर वितरण गरेका पाइयो। भने अन्य उ.मा.वि.हरूमा जनजाती, दलित, जेहेन्दाको पुरस्कार नपाउनेहरूलाई गरिबहरु मध्ये गरिब ५०% लार्य वितरण गरेको पाइयो। यही छात्रवृतिको कारण अध्ययन गरिएका तीनैवटा विद्यालयहरूमा छात्रको

तुलनामा छात्राहरूको संख्या बढी पाइयो साथै कक्षामा नियमिता अध्ययनमा लगाशीलताको करण छात्रको तुलनामा छात्राहरू बढी मात्रामा सफल भएको पाइयो।

### ४.१.४. अपाङ्ग बालबालिकाहरूको लागि शैक्षिक कार्यक्रमको प्रभावकारिता

अपाङ्गग बालबालिकाहरूलाई शिक्षाको परिधी भित्र ल्याई उनहिरूको रुची, क्षमता र अनुभवलाई राष्ट्र विकासको मूल प्रवाहमा ल्याउनु भनेको निक्कै चुनौतिपूर्ण कार्य हो। उनीहरूमा भएको हिनताबोध आत्म विश्वासको कमी विविध किसिमका कठिनाइहरूलाई हटाउन र समाहित शिक्षा तर्फ आकर्षण गराउने अचुक औषधी, अपाङ्ग बालबालिकाहरूका लागि शैक्षिक कार्यक्रम पनि हो । हाल मोरङ जिल्लामा जम्म ८८१ जना अपाङ्गहरू रहेका छन् जस्मा ७ वटा विद्यालयहरूका १२ वटा स्रोत कक्षामा १५९ र स्रोत कक्षा बाहेक अन्य विद्यालयमा ७२२ गरी जम्मा ८८१ रहेका छन्।

अपाङ्ग बालबालिकाहरूका लागि छात्रवृति कार्यक्रम ७५ वटै जिल्लामा विस्तार छ। प्रति स्रोत कक्षा १० जनाका दरले प्रत्येक जिल्लामा एक मुस्ट छात्रवृतिको रकमको व्यवस्था गरेको छ। त्यो एकमुस्ट रकम वितरण गर्न चार श्रेणीमा विभाजन गरिएको छ जस्मा “क” श्रेणीको अपाङ्ग छमत्रवृति रकम प्रतिमहना प्रति विद्यार्थी रु १००० का दरले १० महिनाको रु. १००००, “ख” श्रेणीको प्रतिमहिना प्रति विद्यार्थी रु.५०० का दरले १० महिनाको रु. ५०००, “ग” श्रेणीको प्रतिमहिना पंतिविद्यार्थी रु. ३०० का दरले १० महिनाको रु. ३०० र “घ” प्रतिमहना प्रति विद्यार्थी १० महिनाको रु. ५० दरले रु. ५०० पाउने गरेको पाइयो। त्यसैगरी ४७ वटा जिल्लामा विशेष शिक्षा लेखाजोखा केन्द्र संचालन, अपाङ्ग विद्यार्थीको लागि अतिरिक्त क्रियाकलाप संचालन, बहिरा र दृष्टिबिहिनका लागि विद्यालयलाई अनुदान, सीपमूलक कार्यक्रम संचालन उच्च शिक्षाको लागि छात्रवृतिको व्यवस्था बहिराहरूको लागि दोभाषे र दृष्टिबिहिनहरूका लागि बोल्ने पुस्तकालयहरू संचालित छन्।

यी कार्यक्रमहरु मध्ये तीनवटा विद्यालयहरूमा महेन्द्र उ.मा.वि. इटहरा र सुकुना मा.वि.मा सुस्त श्रवण विद्यार्थी रहेकोले विद्यालयलाई एक मुष्ट आर्थिक सहयोगका अतिरिक्त विद्यार्थीहरूलाई माथि उल्लेखित अपाङ्ग छात्रहरूलाई “क” श्रेणीको छात्रवृति वितरण गरेको पाइयो। त्यसैगरी सुनपकुवा उ.मा.वि.मा बौधिक अपाङ्ग रहेकोले विद्यालयलाई एकमुष्ट आर्थिक सहयोगको अलवा विद्यार्थीहरूलाई माथि उल्लेखित “क” श्रेणीहको छात्रवृति वितरण गरेको

पाइयो। यो शैक्षिक कार्यक्रले महेन्द्र उच्च मा.वि. इटहराका १२ जना सुस्त श्रवण, सुकुना मा.वि.का २६ जना सुस्त श्रवण र सुनपकुवा उ.मा.वि.का २० जना बौधिक अपाङ्गहरूले प्रत्यक्ष रुपमा यो शैक्षिक कार्यक्रमको रसास्वादन गरेका छन्। अपाङ्ग विद्यार्थीहरूलाई यही अपाङ्ग छात्रवृति कार्यक्रले विद्यालय तर्फ आकर्षण गरेकोले कालमार्कस्को सकरात्मक विवेदी करणको सिद्धान्त साथै उत्प्रेणा हौसलाले सिकाइलाई अगाडि बढाउन सहयोग गर्दछ भन्ने उत्प्रेरणको सिद्धान्तले आकर्सित भएको पाइयो।

## ४.२. समाहित शिक्षा कार्यक्रमको प्रयोगको अवस्था

समाहित शिक्षा कार्यक्रमले बालबालिकामा रहेको भिन्नतालाई सम्मान गदै उनीहरूलाई अर्थपूर्ण सिकाइ प्रकृयामा सहभागी बनाउँछ। शैक्षिक संरचना, प्रणली र प्रकृयालाई सबै बालबालिकाका आवश्यकता सुहाउँदो बनाउनु पर्ने तथा यो कार्यक्रम समानान्तर शैक्षिक कार्यक्रम नभएर विद्यमान शैक्षिक कार्यक्रमहरूलाई सबैका लागि अनुकुल बनाउन सुरु गरिएको सुधार प्रकृया हो। बालबालिकालाई के पढाउने भन्दा पनि उनीहरूले के र कसरी सिक्न सक्छन् भन्ने सम्बन्धमा चासो राख्दै भौतिक प्राविधिक संगठनात्मक परिवर्तन लगायत वैचारिक र प्रवृतिगत परिवर्तनमा प्रयोगको अवस्था कस्तो छ? अपाङ्ग महिला, दलित, दुर्गम गाउँवस्तिका बालबालिकहरू ढिलो सिक्ने र छिटो सिक्ने महिला र पुरुष सपाङ्ग र अपाङ्ग गाउँ र शहरको, धनी र गरिब आदि सबै विद्यार्थीहरूलाई बिना भेदभाव एउटै विद्यालयको छाताभित्र समावेस गर्ने समाहित शिक्षाको प्रयोगको अवस्थाको सम्बन्धमा निम्न उप शीर्षक अन्तरगत व्याख्अया विस्लेषण गरिएको छ।

### ४.२.१. भौतिक स्रोत साधन

भौतिक स्रोत साधनको प्रयोगमा सबै विद्यार्थीहरूलाई पूर्ण रुपमा अवसर प्रदान गर्नुपर्छ विद्यालयको खेल मैदान, विद्यालय भवन, कक्षाकोठा, डेक्स्बेन्च, कालोपर्टी, चमेना गृह, पुस्तकालय लगायतका स्रोत साधनहरूको प्रयोग सबै खाले विद्यार्थीहरूले बिना भेदभाव उपभोग गर्न पाउनुपर्छ विद्यालयको भवन निर्माण, अपाङ्ग मैत्री छ कि छैन, न्यामको व्यवस्था छ कि छैन शारीरिक अपाङ्गहरूलाई तल्लो कोठामा बस्ने व्यवस्था मिलाएको छ छैन, शिक्षकले शिक्षण गर्दा अपाङ्ग विद्यार्थीहरूलाई अगाडि राख्ने र पढाई क्रियाकलापमा प्राथमिकता दिएको छ छैन, विद्यालयमा भएका खेलकुदका सामग्रीहरू सबैखाले विद्यार्थीहरूका लागि छैन् कि

खेलकुद कार्यक्रमहरू संचालन गर्दा सबैखाले विद्यार्थीहरूलाई अवसर प्रदान गरिएको छ छैन, विद्यालयका अतिरिक्त क्रियाकलाप संचालन गर्दा सबै विद्यार्थीहरूले के कस्तो अवसर पाएका छन् महत्व पूर्ण हुन्छ। भौतिक सुविधा अन्तरगत  तीनवटै विद्यलयहरूमा आधुनिक पक्की भवन भएता पनि शारीरिक अपाङ्ग भएका विद्यार्थीहरूका लागि र्‍यामको व्यवस्था  पाइएन। तीनवटै विद्यालयहरूमा छात्र र छात्राको लागि छुट्टै व्यवस्था भए पनि प्रर्याप्त छैनन्। त्यस्तै गरी विद्यालयहरू भलिवल, फुटबल, टेवलटेनिस भएपनि सबैको सहभागिता छैन। महिला दलित आपाङ्गहरूका लागि लुँडो, चेस, चाइनिज चेकर लगायतका सामग्रीहरू विद्यालयमा नहुँदा महिला अपाङ्ग विद्यार्थीहरू अधिक मात्रामा खेलकुदबाट कञ्चित भएको पाइयो। कक्षा कोठाहरू आकर्षक भएपनि शैक्षिक सामग्रीले भरिभराउ भएको पाइएन। डिस्प्लेबार्ड तिन वटै विद्यालयहरूमा पाइएन ह्वाइटबोर्ड तिनवटै विद्यलयहरूमा सबैले देख्ने गरी राखेको पाइयो। चमेना गृह तिनवटै विद्यलयमा पाइएन। पुस्तका लय भए पनि कक्षा ११ तर्फका विद्यार्थीहरू बाहेक अरु विद्यार्थीहरूले पुस्तकलय प्रयोग गरेको पाइएन। खाने पानी तर्फ सुकुना मा.वि.मा फिल्टर सहितको व्यवस्था भएको पाइयो। भने महेन्द्र उ.मा.वि. र सुनपकुवा उ.मा.वि.मा एउटा ट्युवेल अप्रर्याप्त भएको पाइयो। तीनवटै विद्यालयहरूमा कम्प्युटरको व्यवस्था छ।  तर बालबालिकाहरूका पहुँच भन्दा बाहिर छ।  तीनवटै विद्यलयहरूमा विज्ञान प्रयोगशाला भए पनि सामग्रीहरूको उचित व्यवस्थापन र सामग्रीहरूको अप्रयाप्तता देखियो।

### ४.२.२. आर्थिक सहयोग

सम्पूर्ण कर्यक्रमहरू आर्थिक प्रकृयाकै सेरोफेरोमा संचालित हुन्छन्। आर्थिक सहयोगकै कारण मानविय र भौतिक स्रोतको व्यवस्थापन गर्नु पर्दछ। सम्पूर्ण द्यिालयहरूमा आर्थिक स्रोतको अप्रर्याप्तता पाइयो। अध्ययनमा सम्लग्न तीनवटै विद्यालयहरूमा स्रोत कक्षा संचालन तर्फ आर्थिक सहयोग बाहेक अन्य आर्थिक सहयोग पाएको देखिएन। यी विद्यालयहरूमा महेन्द्र उ.मा.वि. इटहरामा १ जना सट्टा शिक्षकको प्रा.वि. शिक्षक सरह तलवको व्यवस्था र सट्टा शिक्षकलाई प्रति महिना रु दुईसय भत्ता, आयालाई प्रतिमहिना रु. ३०००, स्रोत कक्षाका लागि शैक्षिक सामग्री तर्फ ३ हजार, नयाा स्रोत कक्षा व्यवस्थापन तर्फ ५० हजार अतिरिक्त क्रियाकलाप १२ हजार देखि ३०, हजारसम्म विद्यार्थी द्वारा निर्मित समग्री प्रदर्शनी रु.३५०, शिक्षकद्वारा समग्री विकास तर्फ २१९०, विशेष आवश्यकता भएका बालबालिकाका लागि आवासीय छात्रवृति, प्रतिमहिना प्रतिविद्यार्थी रु. ८०० मात्र उपलब्ध छ। त्यस्तै सुनपकुवा

उ.मा.वि.मा २ जना सट्टा शिक्षकको प्रा.वि. शिक्षक सरह तलवको व्यवस्था र सट्टा शिक्षललाई प्रति महिना रु दुईसय भत्ता, आयालाई प्रतिमहिना रु. ३०००, स्रोत कक्षाका लागि शैक्षिक सामग्री तर्फ ३००० हजार, नयाा स्रोत कक्षा व्यवस्थापन तर्फ ५० हजार अतिरिक्त क्रियाकलाप १२ हजार देखि ३० हजारसम्म विद्यार्थी द्वारा निर्मित समग्री प्रदर्शनी रु.३५० शिक्षकद्वारा समग्री विकास तर्फ २१९०, विशेष आवश्यकता भएका बालबालिकाका लागि आवासीय छात्रवृति, प्रतिमहिना प्रतिविद्यार्थी रु. ८०० मात्र उपलब्ध छ। त्यस्तै सुकुना मा.वि.मा २ जना सट्टा शिक्षकको प्रा.वि. शिक्षक सरह तलवको व्यवस्था र सट्टा शिक्षललाई प्रति महिना रु दुईसय भत्ता, आयालाई प्रतिमहिना रु. ३०००, स्रोत कक्षाका लागि शैक्षिक सामग्री तर्फ ३००० हजार, नयाा स्रोत कक्षा व्यवस्थापन तर्फ ५० हजार अतिरिक्त क्रियाकलाप १२ हजार देखि ३० हजारसम्म विद्यार्थी द्वारा निर्मित समग्री प्रदर्शनी रु.३५० शिक्षकद्वारा समग्री विकास तर्फ २१९०, विशेष आवश्यकता भएका बालबालिकाका लागि आवासीय छात्रवृति, प्रतिमहिना प्रतिविद्यार्थी रु. ८०० मात्र उपलब्ध छ। तिन वटै विद्यालयमा आर्थिक सहयोगको अभाव देखियो। विद्यार्थीका अनुपातमा शिक्षकहरू र शैक्षिक सामग्री र अन्य सुविधाहरू संचालनमा आर्थिक स्रोतको कठिनाइ भएको पाइयो।

### ४.२.३ प्राविधिक सहयोग

समाहित शिक्षा एउटा प्राविधिक विषय वस्तु पनि हो। सबै खालका विद्यर्थीहरू धनी गरिब, साङ्ग, अपाङ्ग, गाउँवस्ती शरहर बजारका, होचा, अग्ला, काला, गोरा सबैखाले धर्म संस्कृतिका छिटो सिक्ने र ढिलो सिक्नेहरूलाई समायोजन गर्दै एउटै विद्यालयमा विभिन्न वातावरणहरू प्रादन गरी गरिने शिक्षामा राष्ट्रिय स्तर, जिल्ला स्तर। विद्यालय समूदाय स्तरमा शिक्षकलाई मात्र होइन घर परिवार समाज सबैमा जनचेतनामूलक कार्यक्रमहरू संचालन गरी प्राविधिक सहयोग पुऱ्याउनु पर्दछ। यस सम्बन्धमा मोरङ जिल्लामा जि.शि.का. मोरङ, अपाङ्ग महासंघ मोरङ र सि.बि.आर. मोरङको पहलमा समाहित शिक्षा सम्बन्धमा धेरै कार्यशाला गाष्ठी सम्पन्न भइसकेका छन् र आगामी दिनहरूमा समेत संचालन हुने छन्। र मोरङ जिल्लामा समाहित शिक्षाको कार्य योजना निर्माणको कार्य ९५% भइसकेको निकट दिनहरूमै आउने कुराको जानकारी पाइयो। (समाहित शिक्षा कार्यशाला गाष्ठी २०६८, आषढ,३,४ र ५ विराटनगर)। समाहित शिक्षाको जनचेतना र स्रोत शिक्षकहरू बाहेक अन्य शिक्षकहरूलाई

तालिमको व्यवस्था विद्यालय र घर परिवार तहसम्म नपुगे पनि सुस्त श्रवण विद्यार्थीहरूबाटै अन्य शिक्ष शिक्षिकाहरूले केही सीपहरू सिक्न सकेको पाइयो।

### ४.२.४. अतिरिक्त क्रियाकलाप संचालन

जिल्ला स्तरमा प्रत्येक वर्ष सबै अपाङ्गता क्षेत्रका स्रोत कक्षाहरूका लागि जिल्लामा विशेष खेलकुद प्रतियोगिता संचालन गरी स्रोत कक्षाका बौद्धिक अपाङ्ग, दृष्टिबिहिन, सुस्त श्रवण र शारीरिक अपाङ्गलाई समावेश गराईन्छ र जिल्लामा उत्कृष्ठ ठहरिएकालाई राष्ट्रिय विशेष खेलकुद प्रतियोगितामा समावेस गराइन्छ। त्यस्ते गरी विद्यालय स्तरमा पनि स्रोत केन्द्र स्तर अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरू संचालन गरिँदै आएको छ। साथै तीनवटै विद्यालयहरूमा जुनियर रेडक्रस सर्कल गठन भएको पाइयो। हाँजिरीजवाफ प्रतियोगिता र नृत्य प्रतियोगिता, फुटवल प्रतियोगिता, वनभोज कार्यक्रम, स्वागत कार्यक्रम र विदाई कार्यक्रम संचालन भएको पाइयो।

### ४.२.५. विद्यार्थीद्वारा निर्मित सामाग्री प्रदर्शन

स्रोत कक्षामा अध्ययनरत विद्यार्थीहरूका अतिरिक्त अन्य सम्पूर्ण विद्यार्थीहरू (महिला, दलित, जनजाती र अन्य)ले वार्षिकोत्षव, अभिभावक दिवस र अन्य कुनै समारोहमा विद्यार्थीद्वारा तयार पारिएका सामाग्री प्रदर्शन गर्नुका साथै पुरस्कारको पनि व्यवस्था गरेको पाइयो।

### ४.२.६. बालकेन्द्रित शिक्षण सिकाई

बालबालिकाको इच्छा, चहाना, रुची र भावना अनुरुप शिक्षण सिकाई क्रियाकलाप संचालन भए मात्र शिक्षणले लक्ष्य हासिल गर्न सक्छ भन्ने कुरालाई ध्यानमा रखेर तीनवटै विद्यलयहरूमा अपाङ्ग, साङ्ग सबैलाई एकै ठाउँमा एउटै कक्षाकोठाभित्र उनीहरूको रुची चाहना अनुसार शिक्षण गरेको पाइयो। केही शिक्षकहरू समाहित शिक्षाको तालिम लिएर आएको कारण समाहित शिक्षा कार्यक्रममा दक्ष भएको पनि पाइयो । समग्रमा हेर्दा अपाङ्ग विद्यार्थीहरू पनि आफ्नै घर आँगनमा आफ्नै दौंतरीसँग एउटै कक्षा कोठामा विना अवरोध शिक्षण सिकाइ क्रियाकलापमा सम्लग्न भएको पाइयो।

### ४.२.७. शिक्षकद्वारा निर्मित सामग्री

समाहित शिक्षलाई प्रवर्द्धन गर्न समाहित शिक्ष अन्तरगतका स्रोत शिक्षकहरूलाई जि.शि.का. मोरङले शिक्षण सिकाइ क्रियाकलापलाई रोचक र प्रभावकारी पार्न र स्थानीय स्तरमा प्राप्त सस्ता र खेर गएका वस्तुहरूबाट सामग्री तयार गर्ने तालिम र केही रकम उपलब्ध गराउने गरिन्छ। जसको आधारमा स्रोत शिक्षकहरूले अन्य शिक्षकहरूसँगको सहयोगमा शिक्षकहरूबाट निर्माण गरिएका सामाग्रीहरूको प्रयोग गरी शिक्षण सिकाइ प्रक्रियालाई रोचक र प्रभावकारी बनाएको पाइयो।

### ४.२.८. अभिभावकको संलग्नता

घरायसी वातावरण शिक्षा आर्जन गर्ने महत्वपूर्ण ठाउँ मानिन्छ । उपयुक्त र आवश्यक घरायसी सहयोगबिना बालबालिकहरूलाई उन्नति र प्रगतिको पथमा सफलता हाँसिल गराउन सकिँदैन। अभिभावकहरूले आफ्ना छोराछोरीको पढाईलेखाई सम्बधी चासो दिनभने समाहित शिक्षाका मर्म र भावना कुण्ठित हुन पुग्छ। अध्ययन गरिएका ३ वटै विद्यालयहरूमा अभिभावकहरूले विद्यार्थीहरूको पढाईलाई महत्वदिई पठनपाठनमा थप हौसला प्रदान गरेका पाइयो।

### ४.२.९. नियमित लेखाजोखा

समाहित शिक्षालाई प्रभावकारी बनाउने महत्वपूर्ण संयन्त्र मुल्याङ्कन वा लेखाजोखा हो। यसका लागि जिल्ला स्तरमा जि.शि.का. मोरङ, स्रोत शिक्षक, जिल्ला प्रशासन र स्थानीय गैर सरकारी संस्थाहरू जस्तो अपाङ्ग महासंघ मोरङ र सि.बि.आर मोरङले समय समयमा लेखाजोखा गरी समाहित शिक्षा सम्बन्धमा गोष्ठीहरू संचालन गरेको पाइयो। अपाङ्ग महासंघका क्षेत्रिय संयोजक उत्तम शिवाकाटीका अनुसार विराट बहिरा विद्यालयबाट एस.एल.सी. पास गरेका विद्यार्थीले गोग्राहा उ.मा.वि.बाट प्लसटु पास गर्न गाह्रो भो तर जनता उ.मा.वि. जहाँ समाहित शिक्षा कार्यक्रम लागुभएको छ। त्यहाँबाट एस.एल.सी पास गर्नेले सजिलैसँग कक्षा ११/१२ पास गरेको बताए। समाहित शिक्षा तथा विशोष पाठ्यक्रम लागु भएका ४७ वटा जिल्लामा लेखाजोखा तथा सहयोग केन्द्र संचालन भएको पाइयो। यसमा बालबालिकाको अपाङ्गताको किसिम र मात्रा पत्ता लगाउने, समाहित शिक्षामा सिफारिस गर्ने अभिभावक र शिक्षकलाई सरसल्लाह प्रदान गर्ने, बालबालिकाहरूको सर्वपक्षिय लेखाजोखा गरी

उनीहरूलाई पुऱ्याउने सहयोगका लागि विद्यालयका प्र.अ. शिक्षकहरू सँग छलफल गरी उचित सरसल्लाह प्रदान गर्ने आदि कार्य संचालन भएको पाइयो।

## ४.३. समाहित शिक्षामा व्यवस्थापन

समाहित शिक्षामा व्यवस्थापन भन्नले समाहित शिक्षाले प्रभावकारी रुपमा संचालन गर्नका लागि मानविय र भोतिक सामग्रीहरूको उचित बन्दोबस्त र चाँजो पाँजो मिलाउने प्रक्रियालाई व्यवस्थापन भनिन्छ। समाहित शिक्षा यस्तो संवेदनशील विषय हो । जस्मा सबै खाले विद्यार्थीलाई सबै खाले सुविधा र अवसरहरू प्रदान गर्न उपयुक्त भौतिका स्रोत र मानवीय साधनको परिचालन गर्नु एउटा महत्वपूर्ण चुनौति पनि हो । यसमा व्यवस्थापकले योजना बनाउने, निर्देशन दिने, नियन्त्रण गर्ने, समन्वय गर्नेदेखि बजेट र मुल्याङ्कनका सम्पूर्ण तहमा पुऱ्याउने रेखदेख र बन्दोबस्त हो जसलाई निम्न बमाजिम प्रस्तुत यरिएको छ।

### ४.३.१. समाहित शिक्षामा भौतिक पक्षको व्यवस्थापनः-

तालिका नं. २ भौतिक सुविधाको अवस्थाः

| क्र.सं | विवरण | महेन्द्र उ.मा.वि. | | | सुनपकुवा उ.मा.वि. | | | सुकुना मा.वि. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रर्याप्त | अप्रर्याप्त | संख्या | प्रर्याप्त | अप्रर्याप्त | संख्या | प्रर्याप्त | अप्रर्याप्त |
| १. | भवन | ६ | छ | | ३ | छ | | ४ | छ | |
| २. | कक्षाकोठा | १२ | छ | | १३ | छ | | १५ | छ | |
| ३. | घेराबारा | भएको | | | भएको | | | भएको | | |
| ४. | प्रयोगशाला | भएको | | | भएको | | | भएको | | |
| ५. | डेक्स् बेन्च | ३०० | | | २७५ | | | ४०० | | |
| ६. | खाने पानी | १ | | छ | १ | | छ | १ | | छ |
| ७. | छात्र शौचालय | १ | | छ | १ | | छ | १ | | छ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | छात्रा शौचालय | १ | | छ | १ | | छ | १ | | छ |
| ९. | शिक्षकले प्रयोग गर्ने पुस्तक | ६ | छ | | ६ | छ | | ६ | छ | |
| १० | पाठ्य पुस्तक | - | छ | | - | छ | | - | छ | |
| ११ | शैक्षिक सामग्री | ६ | | छ | ६ | | छ | ६ | | छ |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

नमूना छनौटमा परेका विद्यालयहरूको प्रत्यक्ष अवलोकनको आधारमा विद्यालयको भौतिक व्यवस्थापनलाई हेर्दा महेन्द्र उ.मा.वि. इटहरामा सुस्त श्रवण स्रोत कक्षा संचालन भएको जसमा सुस्त श्रवण कक्षाकै लागि भवन, चर्पी लगायतको व्यवस्था भएको भएपनि अफिस नजिकै चर्पी समाहित हुँदा र त्यसको प्रभावकारी सरसफाइ नहुँदा दुर्गन्धित अवस्था सिर्जना भएको पाइयो। भवन निर्माण गर्दा अपाङ्ग भएकाहरूको व्हिलचेयर जान सक्ने गरी ऱ्यामको व्यवस्था भएको पाइयो। शिक्षकहरू प्रर्याप्तता नभएको, खेल मैदान उपयुक्त भएपनि सम्पूर्ण खेलहरू समावेस गर्न सकिएको पाइएन। कक्षाकोठा, फर्निचर उचित आवश्यक संख्यामा रहेको खानेपानीको उचित व्यवस्थापन नभएको फिल्टरयुक्त पिउनेपानी शिक्षकको पहुँअचमा मात्रै केन्द्रत रहेको, ह्वाइटबोर्ड उपयुक्त आकारमा उपयुत्त, ढंगबाट कक्षाकोठामा राखिएकाले सन्तोषजनाक पाइयो।

श्री सुनपकुवा उ.मा.वि.मा सम्पूर्ण भौतिक संम्रचनाहरू निर्माणाधिनमा रहेको अफिस मात्र पक्कि निर्माण भई आकर्षक रंगमा बौद्धिक अपाङ्गताका लागि समाहित शिक्षा ठूलो अक्षरमा लेखेको पाइयो। पुस्तकालय प्रयोगशालाको व्यवस्थापन राम्रो नदेखिएको कम्प्युटर र टेलिफोनको व्यवस्था प्रयाप्त नभएको पिउनेपानीको लागि प्रयाप्त व्यवस्था नभएको वर्तमानमा रहेको शौचालय अपुग देखिएको विषयगत शैक्षिक समग्रीहरूको व्यवस्था खासै नदेखिएको, अपाङ्ग मैत्री वातावरणको लागि सहजै प्रवेस गर्न सुक्ने बाटो ऱ्यामको व्यवस्था नमिलाइएको, विद्यार्थी संख्याको अनुपातमा डेक्स्बेन्चको अप्रयाप्तता खेलकुदको लागि खेल मैदान भएपनि

सम्पूर्ण खेलहरू समावेस नगरिएको बौद्धिक अपाङ्गहरूको लागि खेल सामग्रीहरू प्रयाप्त नभएको पाइयो।

श्री सुकुना मा.वि. इन्द्रपुरमा, फर्निचर, शैक्षिक सामग्री, कम्प्यूटर, प्रयोशाला। खेलसामग्री आदिको व्यवस्थापन राम्रो रहेको पाइयो। सुस्त श्रवण विद्यार्थीहरूको लागि आवश्यक पर्ने सम्पूर्ण खेल समग्रीहरूको व्यवस्थापन भएको देखिएन, पिउने पानीको व्यवस्था भएपनि प्रर्याप्त छैन, शैक्षिक समग्रीको वृद्धि गरी शिक्षण सिकाईलाई समाहित अनुकुल बनाउने प्रयत्नमा कमी रहेको देखियो।

### ४.३.२. मनवीय स्रोतको व्यवस्थापन

उपलब्ध भौतिक स्रोतलाई प्रभावकारी रुपमा परिचालन मानवीय स्रोतले गर्दछ। मानवीय स्रोत शिक्षक कर्मचारीहरूको तालिम योग्यता अनुभव र कामप्रतिको प्रतिबद्धताले नै समाहित शिक्षाको कार्यन्वयनलाई शिखरमा पुऱ्याउँदछ । यस अनुसन्धानमा नमूनामा परेका विद्यालयहरूको तथ्याङ्क संकलन गरी निम्न तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३ शिक्षकहरूले प्राप्त गरेको समाहित शिक्षाको तालिमको अवस्था

| क.सं. | विद्यलयको नाम | समाहित शिक्षा तालिम लिएका शिक्षक संख्या | समाहित शिक्षा तालिम नलिएका शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १. | महेन्द्र उ.मा.वि. | ५ | ९ | १४ |
| २. | सुनपकुवा उ.मा.वि. | ४ | १२ | १६ |
| ३. | सुकुना मा.वि. | ११ | ८ | १९ |
| जम्मा:- | | २०/४०.८०% | २९/५९.१८ | ३९/१०० |

स्रोत सथलगत सर्वेक्षण २०६७

माथिको तालिकाको आधारमा नमुना छनौटमा परेका प्रत्येक विद्यलयहरूको तुलनात्मक अध्ययन गर्दा ४०.८०% शिक्षकले समाहित शिक्षाको तालिम लिएको र

५९.१८%ले समाहित शिक्षा सम्बन्धी तालिम नलिएको विद्यालयको स्रोतले बताएको छ। यस तथ्याङ्कमा अन्य तालिम लिएकालाई समावेस नगरी समाहित शिक्षाको तालिमसँग मात्र जोडिएकोले विद्यालयमा यस तथ्याङ्कमा उल्लेखित जम्मा शिक्षकको संख्या थप हुन जान्छ।

तालिम प्राप्त शिक्षकहरूले तालिम नलिएका शिक्षकहरूका बीच ज्ञानको आदनप्रदान गरेका पाइएन। तालिमप्राप्त शिक्षक हुँदाहुँदै पनि सुनपकुवा उ.मा.वि. उर्लाबारीमा समाहित शिक्षाको व्यवस्थापन उपयुक्त ढंगले संचालन भएशको पाइएन। सुकुना मा.वि.का समाहित शिक्षाको तालिम प्राप्त शिक्षकहरू कमला मास्के पदमप्रसाद रिमाल साकार शर्मा चापागाई र देवीप्रसाद गौतम जस्ता शिक्षकहरूले अन्य शिक्षक तथा विद्यार्थीहरूलाई समेत आफुले प्राप्त गरेको ज्ञान अनुभव आदन प्रदान गरेको पाइयो। सुव पकुवा उ.मा.वि.मा महेन्द्र उ.मा.वि.मा खगेन्द्र अधिकारीको प्रयास अनुकरणीय भएको पाइयो। समाहित शिक्षलाई लक्ष्यको शिखरमा पुऱ्याउन विद्यालयमा संमिलित शिक्षक कर्मचारी जस्ता मानवीय पक्षको व्यवस्थापन प्रभावकारी नहुनाले ध्यान पुऱ्याएन भने लक्ष्य प्राप्त गर्ने मार्गमा प्रसस्त अवरोधहरू हुन्छन्। व्यवस्थापनमा इल्टन मायोको सिद्धान्त र मास्लोको सिद्धान्तलाई ध्यान दिए समाहित लिक्षाले शिखर चुम्ने कुरामा कसैको दुईमत हुन सक्दैन।

### ४.४ समाहित शिक्षा कार्यक्रमका बाधाहरू

समाहित शिक्षाका कार्यक्रमले लक्ष्यमा पुग्न अनेकौं आरोह अवरोहका साथै अनेकौ बाङ्गाटिङ्गा भीरहरू चिर्दै अगाडि बढ्ने क्रममा अनेकौं बाधा अवरोधहरू सामना गर्नु परेको छ अध्ययनको क्रममा विद्यार्थी, शिक्षक, अभिभावक, वि.व्य.स. जि.शि.का मोरङ, अपाङ्गमहासंघ मोरङ सँगको छलफल अन्तरवार्ताबाट प्राप्त जानकारी साथै समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता सम्हबन्धी कार्यशाला गोष्ठीबाट प्राप्त जानकारी अनुसार निम्नलिखित बाधा अवरोधहरू पाइयो।

क) सबै खाले बाबालिकाहरूले सिक्न सक्छन् भन्ने मान्यताको विकास नहुनु ।

ख) समाजका सदस्यहरूमा महिला, दलित, अपाङ्गप्रतिको नकारात्मक सोचाइ हुनु।

ग) महिला, दलित, अपाङ्ग यस्तै समाजमा पछि परेका वर्गहरूले गरेको उदाहरणीय कार्यहरू प्रचार प्रसार नहुनु।

घ) रुढीबादी परम्परा सोच कायमै हुनु।

ङ) शैक्षिक संरचना, प्रणाली र प्रकृयामा लक्षित समूहको पहुँच नपुग्नु।

च) सरकारले निर्माण गर्ने योजना र कार्यक्रमहरू लक्षित समूह समक्ष पुग्न नसक्नु।

छ) बालबालिकाहरूको आत्म निर्णको अधिाकारलाई मान्यता नदिनु।

ज) दृष्टी बिहिन, शारीरिक अपाङ्गहरूको लागि उपयुक्त भौतिका संम्रचनाहरू निर्माण नहुनु।

झ) प्रत्येक विद्यार्थीका आवश्यकता अनुसार सुविधा र सहयोग उपलब्ध नहुनु।

ञ( अर्थिक लगायत हर तरहको सहयोगको लागि परामर्श र सरसल्लाहको कमी हुनु।

ट) समाहित शिक्षाको व्यापक प्रचार प्रसार नहुनु।

ठ) भेदभाव र अपहेलना गर्नेलाई कडा सजाय हुने कनूनी प्रावधान नहुनु।

ड) रोजगारीमा पहुँच नपुग्नु।

ढ) पुनस्थापना केन्द्र र परामर्श केन्द्रको व्यवस्था नहुनु।

ण) सरकारले बनाउने योजना तथा कुनै पनि तहको निर्णय निर्माण प्रकृयामा लक्षित समूहलाई समवेस नगर्नु आदि रहेका छन्।

त) विद्यलय भवनमा ऱ्यामको व्यवस्था नहुनु।

थ) कक्षाकोठा अपर्याप्त हुनु।

द) छात्र र छात्राहरूको लागि छुट्टै शौचालय नहुनु।

ध) खानेपनीको सुविधा कम हुनु।

न) समाहित शिक्षाका तालिमप्राप्त शिक्षकहरू कम हुनु। तालिमपाएका शिक्षकहरूले पठनपाठनमा समाहित शिक्षाको मर्म अनुरुप प्रयोग नगर्नु।

प) अभिभावकहरूलाई समाहित शिक्षाको बारेमा कम जानकारी हुनु।

फ) तालिम प्राप्त शिक्षक र अप्राप्तबीच ज्ञानको आदान प्रदान नहुनु।

ब) समाहित शिक्षा सम्बन्धी जानकारी राख्ने विज्ञहरूको खोजीगरी विद्यालयले स्रोत व्यक्तिको रुपमा काममा नलगाअउनु।

भ) प्र.अ. र वि.व्य.स. दुवै भौतिक र मानवीय व्यवस्थापनमा कम लगानशील रहनु।

**४.४.१. अपाङ्गता भएका बालबालिकाहरूका विद्यालय भर्नामा आउने अबरोधहरू**

सरकार र संस्थाबाट आउने अबरोधः- नीति कार्यन्वयनको अभाव, सुविधाहरू अप्रर्याप्तता।

शिक्षकहरूले अपाङ्ग भएका व्यक्तिप्रति नकरात्मक दृष्टीकोण राख्नु, पढाउन अनिच्छुक हुनु। परिवारः पढ्न सक्छ भन्ने विश्वास नहुनु।, क्षमताप्रति शंका र शिक्षाको महत्व नबुझ्नु, पेशाको समस्या, अन्य बालबालिका सरह प्राथमिकता नदिनु भेदाभाव गर्नु, पढाई प्रति आकर्षहक नहुनु।

अपाङ्गता भएका बालबालिकः आत्मविस्वासको कमी, हिनता बोध, अर बालबालिकाहरूको धारणा र व्यवहारबाट कुण्ठित, पढ्न गए पनि अरु भन्दा बढी उमेर भएको कारण कुण्ठित हुनु परेको।

विद्यालयः टाढा, गाह्रो तथा अनुपयुक्त स्थानमा अवस्थित हुनु, भौतिक वातावरण, खेल मैदान, कक्षाकोठा, बसाई व्यवस्था, चर्पी आदि अपाङ्गता मैत्री नहुनु, शैक्षिक सामग्री अपुग हुनु, शिक्षकमा तालिम नहुनु, भेदभाव र दुरव्यवहारको सम्भावना, विद्यालय व्यवस्थपन प्रयाप्त सचेत नहुनु ।

समूदायका सदस्यहरूः समुदाय नकारात्मक धारमा भेदभाव पूर्ण ञयवहार र दुरव्यवहारका सम्भावना हुनु। अन्य बालबालिका तथा अभिभावकहरूमा नकारात्मक सोचाइ हुनु आदि पाइएको छ।

## ४.५. समाहित शिक्षाको प्रभावकारिता सम्बन्धमा सरोकारवालाहरूको प्रतिक्रिया

तालिका नं. ४. **विद्यालयमा समाहित शिक्षको पठनपाठनको अवस्था**

| क्र.सं. | विवरण | विद्यर्थी | अभिावकहरू | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | समाहित शिक्षा मर्म अनुरुप पठनपाठन भएका | ४ | २ | ६ | १२% |
| २. | समाहित शिक्षा मर्म अनुरुप पठनपाठन नभएका | ८ | ६ | १४ | ५८% |
| ३. | थाहा छैन | | ४ | ४ | १७% |
| जम्मा | | १२ | १२ | २४ | १००% |

स्रोत स्थलतग सर्वेक्षण २०६७

माथिको तलिकाको आधारमा विश्लेषण गर्दा यो देखिन्छ कि शिक्ष्कहरूले प्रर्याप्त तालिम नलिको कारण समाहित शिक्षा कार्य क्रमको मर्म अनुरुप शिक्षण सिकाई क्रियाकलाप संचालन हुन सकेको छैन त्यसै गरी तालिम प्राप्त शिक्षकहरू समेतले आफूले लिएको तालिम अन्य शिक्षक र विद्यार्थी समक्ष नपुऱ्याउनु र व्यवस्थापनले त्यो समस्याको पहिचान नगर्नु साथै प्राप्त स्रोत साधनलाई सही ढंगले सदुपयोग नगर्नु महत्वपूर्ण समस्याको रुप्मा लिएको छ। सो शोध कार्य संचालन गरिएका विद्यालयहरूमा प्रत्यक्ष अवलोकन गरी प्रश्नमवली र अन्तरवार्ताको माध्यमबाट प्रप्त जानकारीको आधारमा तीनवटा विद्यालय मध्ये एक विद्यालयमा अत्यन्त राम्रो भौतिक तथा मानवीय व्यवस्थापन रहेको, एक विद्यालयमा मानवीय व्यवस्थपन तथ्याङ्कीय हिसाबमा राम्रो देखाइएको व्यवहारमा उपयुक्त नरहेको अर्को एक विद्यालयमा मानवीय तथा भौतिक पक्ष उपयुक्त रहेको भन्ने अवस्था संतोषजनक पाइएन।

## ४.६. समाहित शिक्षाको प्रभावकारिता सम्बन्धमा विद्यालयले अघि सारेका प्रयासहरू

तीनवटै विद्यालयहरूको अवलोकन अध्ययनको आधारमा विद्यालयले अघि सारेका प्रयासहरूलाई बुँदागत रुपमा निम्नबामोजिम प्रस्तुत गरिन्छ।

क) भौतिक पक्षको निर्माणहरू जस्तो भवन कक्षाकोठा निर्माण गर्दा ऱ्यामको निर्माण गर्ने

ख) शौचालय घेराबारा, फर्निचर निर्माणमा सबैलाई सहभागी र सहज हुने किसिमबाट निर्माण गरिने ।

ग) मानवीय पक्ष शिक्षक र कर्मचारीहरूलाई तालिम गराउँदै लैजाने

घ) विद्यार्थी भर्ना कार्यक्रम, जनचेताना मूलक कार्यक्रमहरू समूदाय स्तरमा संचालन गर्ने

ङ) विद्यार्थी निर्मित सामग्रीहरू विज्ञानका सामग्रीहरूको प्रदर्शनी गर्ने

च) आगामी दिनहरूमा समेट्न नसकेका सबै वर्ग समुदायलाई समाहित शिक्षाको दायरामा ल्याउन थप कार्यक्रमहरू संचालन गर्ने ।

छ) समाहित शिक्षाको प्रचारचप्रसारमा विद्यार्थीहरूलाई सहभागी गाराउने लक्षित समूहले गरेका उदाहरणीय कार्यहरूको प्रचारप्रसार गर्ने

ज) भवन, कक्षाकोठा, फर्निचर निर्माणमा अपाङ्ग मैत्री र विद्यार्थीहरूको सुविधालाई ख्याल पुऱ्याउनु पर्ने।

झ) शारीरिक अपाङ्ग विद्यार्थीहरूलाई भवनको तल्लो कोठामा पठनपाठनको व्यवस्था मिलाउने।

ञ) विद्यालयले संचालन गर्ने सम्पूर्ण प्रतियोगिताहरूमा सम्पूर्ण विद्यर्थीहरूको सहभागितालाई सुनिश्चित गराउने ।

ट) विद्यालयले निर्माण गर्ने सम्पूर्ण योजनाहरूमा विद्यार्थीहरूलाई अत्याधिक सहभागी गराउने।

ठ) विद्यार्थीलाई सिकाईमा अत्याधिक सहभागी गराउन सुस्त श्रवण, वैधानिक अपाङ्गलाई कक्षाकोठामा अगाडि बस्ने व्यवस्था गराउने।

ड) अर्थपूर्ण सिकाईको लागि सिक्षण कार्य संचालन गर्दा हाउभाउ, इशारा र वाचन गर्दै खेल्दै पढाउने परिपाटीको विकास गराउँदै लैजाने।

ढ) अपाङ्ग विद्यार्थीहरूको बहु क्षमताको प्रस्फुटनमा जोड दिँदै लैजाने।

## ४.७. समाहित शिक्षा कार्यक्रमको प्रभावकारीतामा सुधार ल्याउने उपायहरू

समाहित शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन राज्य वा सरकारी तर्फबाट घर पविार, विद्यलय, शिक्षक, अभिभावक साङ्ग, अपाङ्ग लगायत दलित महिला सबैखाले विद्यार्थीहरूको सोचमा परिवर्तन गरी समाहित समाजको निर्माण गर्न सकिन्छ। यसका लागि निम्न लिखित उपायहरू सरकार, परिवार विद्यालय तहमा अपनाई सुधार ल्याउन सकिन्छ

क) सरकार र संस्थाबाट गर्नु पर्ने तयारी।: सरकारले समाहित शिक्षलाई प्रभावकारी बनाउन विद्यमान नीतिहरूको कार्यन्वयन र लक्षित समूहहरूलाई प्रयाप्त सुविधा प्रदान गरेर समाहित शिक्षाको सुधारमा प्रभावकारिता ल्याउन सकिन्छ।

ख) परिवार र अभिभावकहरूको तयारीः समाहित शिक्षालाई लक्ष्यमा पुऱ्याउन अभिभावकहरूको सोचको परिवर्तन गर्ने। बच्चाको सक्षमताको विश्वास गराउने, बलबालिकालाई प्राथमिकता दिइने र बालबच्चा प्रतिको जिम्मेवारीको बोध गराउने।

ग) विद्यालयलाई तयारी बनाउने : शिक्षक शिक्षिका हरूको लागि विद्यालयले समाहित शिक्षा कार्यक्रमको तालिम उपलबध गराउने भेदभावको भावना हटाउन अन्य बालबालिकाहरूको सोच र व्यवहारमा परिवर्तन गराउने, विद्यालयको कक्षाकोठा, चर्पी खानेपानी, पुस्तकालय, कार्यालय, खेल मैदान जस्ता भौतिक सुविधाहरू बाल मैत्री र अपाङ्ग मैत्री बनाउने। आवश्यकता अनुसार विशेषकुर्सी, टेवल, ब्रेल समग्री, श्रव्य दृश्य आदि जस्ता सहयोगी सामग्रीहरूको व्यवथा गर्ने, दैनिक सिकाई क्रियाकलाप अतिरिक्र क्रियाकलाप, वार्षिक कार्यक्रम तथा शैक्षिक योजना निर्माणमा समेत सबै खाले विद्यार्थीहरूलाई सहभागी गराउनु।

घ) शिक्षकलाई गर्नु पर्ने तयारी : शिक्षकहरूको सोचमा परिवर्तन गर्ने। बाल अधिकार बारे सचेतता गराउने

ङ) विद्यार्थीलाई गर्नु पर्ने तयारी बालबालिकाहरूमा आत्मविश्वासको विकास गराउनु, दिसापिसाब आफैं गर्न वा भन्नसक्ने बनाउनु, पेन्सिल आफैंले समात्न सक्ने, आफैं खान पिउन सक्ने जस्ता क्रियात्मक शक्तिको विकास गराउनु। शब्द र संकेतमा ध्यान दिन सक्ने बनउानु पालो पर्खने बानी, अरुसँग बाढीचूँढी गर्ने, मिलेर खेल्ने, समन व्यवहार गर्ने जस्ता सामाजिक व्यवहारको विकास गराउने।

च) शैक्षिक संम्रचना प्रणली र प्रक्रियामा सुधार गर्नुपर्ने

छ) लक्षित समूहको रोजगारीमा पहुँच पु¥याउनु पर्ने।

ज) सरकारले निर्माण गर्ने योजना निर्णय निर्माण तहमा लक्षित समूहलाई समावेस गर्नुपर्ने ।

झ) लक्षित समूहले समाजमा पु¥याएको योगदानको व्यपक प्रचारप्रसार गर्नुपर्ने।

ञ) परामर्श केन्द्र र पुस्थापना केन्द्रको व्यवस्था गर्ने।

ट) समाहित शिक्षामा व्यापक प्रचारप्रसार र समुदायको चेतनामा अभिवृद्धि गर्ने आदि।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

अध्ययन , अनुसन्धानबाट, प्राप्त तथ्यांकको व्याख्या विश्लेषण गरी प्राप्त जानकारीका आधारमा यस अनुच्छेदमा प्राप्तीको सूची तयार गरी सो को आधारमा निष्कर्ष र सुझाव दिने प्रयत्न गरिएको छ।

## ५.१ प्राप्तीहरू

यस अध्ययनबाट प्राप्त भएका मुख्य प्राप्तीलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

समाहित शिक्षा कार्यक्रमले तीनवटै विद्यालयहरूमा लक्षित समूहरूलाई कस्तो प्रभाव पारेको रहेछ र त्यसका असरहरूको सम्बन्धमा तीनवटै विद्यालयहरूमा जम्मा विद्यार्थी संख्या १६५१ मध्ये लक्षित समूह ११६६ जना पाइयो। जसमा दलित १२०जना, आपाङ्ग ५८ जना मध्ये सुस्त श्रवण तर्फ ३८ र बौद्धिक अपाङ्ग २०, जना छात्रा तर्फ ७५० र जनजाती ३३८ पाइयो। जम्मा सम्पूर्ण विद्यार्थी संख्याको अनुपातमा ७.२७ दलित, ३.५१% अपाङ्ग, ४५.४३%छात्रा र १४.४२ जनजाती भएको पाइयो। यी लक्षित समूहहरूलाई दलित छात्रवृति, छात्रा छात्रवृति, अपाङ्ग छात्रवृति, गरिव तथा जेहेन्दार छात्रवृति लगायतका अन्य थप आर्थिक सुविधाहरू विद्यालयहरूबाट समेत संचालन गरिआएकोले लाक्षित समूहलाई सकारात्मक प्रभाव पारेको पाइयो।

समाहित शिक्षा कार्यक्रमको प्रयोगलाई हेर्दा हाल संचालन भइरहेका विद्यालयहरुमा थप आर्थिक भौतिक र मानवीय तालिम सेवा सुविधा उपलब्ध गाराइ समाहित शिक्षा अगाडि बढाउने प्रयोगको स्थीतिलाई हेर्दा भौतिक सुविधा तर्फ विद्यालयमा आधुनिकक पक्की भवनहरू तीनवटै विद्यालयहरूमा भएपनि सुनपकुवा उ.मा.वि.मा भवन केही निर्माणाधिन अवस्थामा रहेका पाइयो। विज्ञान प्रयोगशाला, कम्प्युटर तीनवटै विद्यालयमा भएपनि विद्यार्थीको पहुँच भन्दा बाहिर रहको पाइयो। स्थानीय स्तरमा पाइने, कम मूल्य पर्ने र मूल्य नपर्ने सामग्रीहरूको प्रयोग विद्यार्थीको स्तर, क्षमता, रुची अनुकुल वैयक्तिक भन्नतालाई ख्याल गर्दै शिक्षण संचालन भएको पाइयो। तीनवटै विद्यालयहरूमा आर्थिक सहयोगको कमीको कारण अन्य सम्पूर्ण क्रियाकलापहरू, बाल मैत्री कार्यक्रमहरू सहजता साथ अगिबढाउन प्राविधिक वाधा अवरोध भएको पाइयो। प्राविधिक सहयोगको लागि जि.शि.का. र अन्य संघ संस्थाहरूले

गोष्ठहिरू संचालन गर्दै प्राविधिक सहयोग उपलब्ध गराउँदै आएपनि ती प्रयासहरू अप्रयाप्त भएको पाइयो। तीनवटै विद्यालयहरूमा अतिरिक्त क्रियाकलाहरू संचालनका लागि स्रोत कक्षाहरू थप आर्थिक स्रोत सयोग जुटाएकोले प्रत्येक वर्ष स्रोत कक्षाहरूका लागि विशेष खेलकुद प्रतियोगितामा तीनवटै स्रोत केन्द्रका विद्यार्थीहरू ती प्रतियोगितामा संलग्न भएको पाइयो। प्रतियोगितामा नृत्य प्रतियोगिता, फुटबल प्रतियोगिता, हाँजिरी जवाफ प्रतियोगिता, रुमाल लुकाइ खेल, चम्चा रेस हिसाब दौड जस्ता खेलहरूमा महिला, दलित, सुस्त श्रवण वौद्धिक अपाङ्ग, विद्यार्थीहरू समावेस भए पनि सहभागिताको स्थिती सन्तोषजनक पाइएन। तीनवटै विद्यालयहरूमा विद्यार्थीहरू वार्षिकोत्षव, अभिभावक दिवष, त्यस्तै अन्य विशेष समारोहहरूमा विद्यार्थीहरूद्वारा निर्माण गरिएका सामानहरू प्रदर्शन गरेको पाइएकोले विद्याथीहरू प्रति अभिभावक वर्गले विशेष चासो र उनीहरूलाई थप हौसला बढाएको पाइयो। तीनवटै विद्यालयहरूमा शिक्षक अभिभावक वर्गहरू लगायत जि.शि.का मोरङ, गैर सरकारी संघसंस्थाहरूले नियमित लेखाजोखा गरे पनि पर्याप्त लेखाजोखाको अभाव पाइयो।

समाहित शिक्षालाई जनमुखी बनाउन र लक्षित वर्गहरू पहुँच सम्म पुऱ्याउन यसको भौतिक व्यवस्थपन र मानवीय व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। भौतिक व्यवस्थापन तर्फ माथि प्रयोगको अवस्थामा उल्लेख भएका भौतिक निर्माण, भवन, खेलमैदान,कक्षाकोठा, डेक्स्वेन्च, खेल सामग्री, शौचालय, प्रयोगशाला आदिमा अपाङ्ग मैत्री अनुरुप भवनहरू निर्माणा ऱ्यामको व्यवस्था नहुनु र अन्य सम्पूर्ण सामग्रीहरू हुँदाहुँदै पनि अपर्याप्त र बौद्धिक अपाङ्ग सुस्त श्रवण महिला, दलित, जनजाती, गरिब बालबालिकहरू पहुँच पुग्न नसकेको अध्ययनबाट पाइयो।

मानवीय व्यवस्थापन तर्फ विद्यालय, प्र.अ., वि.व्य.स., जि.शि.का., अन्य गैर सरकारी संस्थाहरूबाट सहयोगका कार्यक्रमहरू र उल्लेखनीय भूमिकाहरू हुँदाहुँदै पनि पर्याप्त छैनन्। जमम तीनवटा विद्यालयहरूमा ५९ जना शिक्षक पाइयो। जसमा समाहित शिक्षाको तालिम लिएका ४०.८०% र समाहित शिक्षाको तालिम नलिएका शिक्षकहरू ५९.१८% पाइयो। यसमा समाहित शिक्षाको तालिमबाहेक अन्य अल्पकालीन, मध्यकालिन र दीर्घकालिन तालिम लिएका शिक्षकहरू पर्याप्त मात्रमा पाइयो। । यी तीनवटै विद्यालयहरूमा मानवीय पक्ष शिक्षहरूको दरबन्दी विद्यार्थी संख्याको अनुपातमा कम पाइयो। साथै निजी स्रोतबाट समेत शिक्षकहरूको व्यवस्था गरेका पाइयो। साथै विद्यालयमा वार्षिक कार्य तालिका, वार्षिक कार्य योजना, इकाइ

योजना, दैनिक पाठयोजना, दैनिक कार्यतालिका निर्माण गरी प्रयोग गरेको पाइयो। यी कार्यहरूमा शिक्षक विद्यार्थी, अभिभावक सम्पूर्ण वर्गको सहयोग र सहभागिता भएको पाइयो।

साधारण कक्षाको शिक्षण र समाहित कक्षाको शिक्षण फरक पाइयो। साधारण कक्षाको शिक्षणमा समूह विभाजन हुँदैन, समूह नेता हुँदैनन्, साथीसाथीबीच छलफल गरेर सिक्ने अवसर कम हुन्छ र बढी व्याख्यान विधीको प्रयोग हुन्छ। तर समाहित शिक्षाको कक्षामा समूह विभाजन हुन्छ। प्रत्येक समूहमा नेता छनौट गरिएको हुन्छ र उसले समूहको नेतृत्व गर्दछ। मिश्रीत रुपमा समूह विभाजन गरिन्छ र जान्नेले नजान्नेलाई सिकाउने वातावरण सिर्जना गरिएको हुन्छ र विद्यार्थीलाई गोलाकार बसाई व्यवस्थमा राखिनछ। यी सम्पूर्ण कुराहरू तीनबटै विद्यालयहरूमा अध्ययनको क्रममा पाइयो र लक्षित समूहका विद्यार्थीहरूलाई समान व्यवहार मायालु वातारवरणमा शिक्षण सिकाई क्रियाकलाप सचालन गरेको पाइयो। कान कम सुन्ने, अखा कम देख्ने, वौद्धिक अपाङ्ग बालबालिकाहरूलाई कक्षामा अगाडि राखेर पाढाएको पाइयो।

लक्षित समूहका विद्यार्थीहरूले कपर्दी, दौड, हाजिरी जवाफ, चम्चा रेस, नृत्य र रुमाल लुकाइ जस्ता खेलमा भाग लिएको र कक्षाकोठामा सँगै बस्दा, अतिरिक्त क्रियाकलापमा भाग लिँदा साथीहरूले सुस्त श्रवण विद्यार्थीहरू, वौद्धिक अपाङ्ग, महिला, दलित, सम्पूर्ण विद्याथीृहरूलाई समान व्यवहार र सहयोग गरेको पाइएकोले कार्लमार्क्सको सकारात्मक विवेदीकारणको प्रभाव परेको पाइयो।

शिक्षकहरूले निर्माण गरी प्रयोग गरेका सामग्रीहरू विद्यार्थीलाई देखाएर, छुन लागाएर, प्रत्येकलाई भन्न लगाए र स्पष्ट नभएको कुरा शिक्षकले प्रयोग गरेर वर्णन गरिदिएको पाइयो। त्यस्तै गरी विद्यार्थीहरूले निर्माण गरेका सामग्रीहरू, अभिभावक दिवस, वार्षिकोत्षव विशेष अवसरमा अभिभावक, शिक्षक सम्पूर्ण विद्यार्थीहरूको माझमा प्रदर्शन गरेको पाइयो।

शोध कार्य संचालन भएका सम्पूर्ण विद्यालयहरूमा भवन हुँदाहुँदै पनि ऱ्यामको व्यवस्था नहुनु। कक्षाकोठा अपर्याप्त हुनु, शैक्षिक सामग्री न्यून हुनु। छात्रछात्राहरूको बेग्लै शौचालय भएपनि पर्याप्त नहुनु। खानेपानीको सुविधा कम हुनु, समाहित शिक्षाको तालिम नलिएका शिक्षकहरूले सुस्त श्रवण र वौद्धिक अपाङ्गको भावना इशारा संकेत, नबुझेको पाइयो। त्यस्तै गरी समाहित शिक्षाको मर्म अनुरुप, तालिम प्राप्त शिक्षक हुँदा हुदै पनि पठनपाठनमा तालिमको प्रयाग नगरिनु। अभिभावकहरूलाई समाहित शिक्षाको बारेमा जानकारी कम हुनु,

तालिम प्राप्त शिक्षक र अप्राप्ताबीच ज्ञानको आदाप्रदान नहुनु, विद्यालय प्रशासनले सकारात्मक कुराहरूको प्रचारप्रसारमा कम ध्यान पुऱ्याउनु, विद्यार्थी मार्फत प्रचारप्रसार नगराइनु, आर्थिक स्रोतको खोजी गरी मानवीय स्रोतलाई परिचालन गर्ने तर्फ विद्यालय प्रशासनले ध्यान नपुऱ्याउनु, समाहित शिक्षाका बारेमा जानकारी राख्ने विज्ञहरूको खोजी गरी विद्यालयमा सहभागी गराई स्रोत व्यक्तिको रुपमा कक्षा संचालनको काममा नलगाउनु नै मानवीय व्यवस्थापनका मूख्य कमजोरी हो। त्यस्तै भौतिक व्यवस्थापनमा संम्पूर्ण विद्यार्थीहरूलाई सुविधा प्रदान गर्ने गरी बालमैत्री, आपाङ्ग मैत्री भवन शौचालयहरू, कक्षाकोठा, डेक्स्बेन्च निर्माण नगरिनु मुख्य रुपमा तीनवटै विद्यालयहरूमा पाइयो।

समाहित शिक्षाको व्यवस्थापनका समस्या समाधान गर्न विद्यालय व्यवस्थापनले आर्थिक स्रोत जुटाई पढाई संचालन गर्न निर्देशन दिने, शैक्षिक सामग्री जुटाईदिने र कक्षा कोठाको व्यवस्थापन गर्ने तरिका बताउने जस्ता प्रयासहरू तीनवटै विद्यालयमा भएको पाइयो। अभिभावकहरूबाट आर्थिक स्रोत संकलन गर्ने, शैक्षिक सामग्री किनेर ल्याइदिने, नजान्ने विद्यार्थीलाई छलफलमा भाग लिन प्रोत्साहन गर्ने, वैक्तिक भिन्नतालाई पहिन्चान गरी शिक्षाण गर्ने, महिला, दलित, अपाङ्गहरूलाई विशेष प्राथमिकता दिँदै जुनसुकै कार्यक्रमहरूमा पनि बढीभन्दाबढी सहभागी गराउने। विषयवस्तु अनुसार बासाई व्यवस्था परिवर्तन गर्नुपर्ने। जस्ता कुराहरू समाहित शिक्षाका प्रभावकारिताका सुधार का उपायहरू पाइयो।

## ५.२ निष्कर्ष

समाहित शिक्षा भनेका सम्पूर्ण भौगोलिक क्षेत्रहरू गाउँ, शहर हिमाल पहाड तराई सम्पूर्ण धर्म वर्ण, लिङ्ग, जातजाती, भाषभाषी, ढिलो सिक्ने, छिटो सिक्ने, ढिँढो खाने, लन्च डिनर खाने, धनी गरिव, साङ्ग, अपाङ्गलाई आफ्ने परिवेसमा सबैलाई समान महत्व प्रदान गर्दै बिना भेदभावको मैत्रीपूर्ण वातावरणमा आफ्ना दौतरी र अभिभावक शिक्षकहरूको मार्गदर्शन, थप हौसला र प्रेरणाका साथ दिइने शिक्षा समाहित शिक्षा हो। अहिले राज्य पुनः संरचना अन्तरगत समावेसी समाजको निर्माणमा सप्पूर्ण तह, वर्ग, जात, भौगालिक क्षेत्रको प्रतिनिधित्वको कुरा उठी राखेको छ यी धारणाहरू समाहित शिक्षाबाट आएका हुन्। जवसम्म बालबालिकाहरूलाई समावेसी पन मिलेर बस्ने सहयोगी भवनाको विकाश हुने समावेसी शिक्षा प्रदान गर्न सकिँदैन तबसम्म समावेसी समाजको कल्पना गर्न पनि सकिँदैन।

समाहित शिक्षा लागु गर्न परीक्षणको लागि छनौट गरिएका विद्यालयहरूमा गरिब, अपाङ्गश्रमिक, जनजाती दलित जस्ता लक्षित समूह योकार्यक्रमबाट लाभान्वीत भएको हुदाहुँदै पनि सेवाक्षेत्रभित्रका सबै किसिमका बालबालिकाहरूलाई समेट्न सक्नेगरीका समाहित शिक्षा सम्बन्धी स्पष्ट रोड म्याप नभएको कारणले सेवा क्षेत्रवरीपरी आर्थिक विपन्नता भएका व्यक्तिहरूको संख्या अधिक हुनु जनजाती सुस्त श्रवण र बौद्धिक आपाङ्गवद्यार्थीहरू कम हुनु महत्वपूर्ण समस्याको रुपमा देखिएको छ।

साधारण शिक्षाको दश महिने तालिम लिएका तीनवटै विद्यालयका शिक्षाकहरू तालिमको प्राप्तीलाई कक्षाकोठामा पुऱ्याउन कक्षाकोठामा पुऱ्याउन प्रयत्न गर्नुपर्ने, विद्यालयमा कम्प्युटर र प्रयोगशाला विद्यार्थीको पहुँचसम्म पुऱ्याउनु पर्ने, समाहित शिक्षाका लक्षित द्यिार्थीहरू कहाँ कति छन् व्यापक अनुसन्धान गरी उनीहरूलाई विद्यालय वातावरणभित्र ल्याई शिक्षा दिने व्यवस्था गर्नु पर्ने।

समाहित शिक्षाको व्यवस्थापनका विभिन समस्याहरू छन् र तीनलाई समाधान गर्ने प्रयास गर्नुपर्दछ। प्राथमिक विद्यालय उमेर समूहका १४% प्रतिशत बालालिकाहरू विद्यालय बाहिर छन् तिनलाई  विद्यालयय भित्र ल्याउने राज्यले विशेष व्यवस्था गर्नु पर्दछ। शारीरिक अपाङ्गको लागि बैशाखी, व्हील चियर, कृतिम हातखुट्ट, ट्राइसाइकल, विद्यालयमा विशेष किसिमका फर्निचरहरू विभिन्न किसिमका खेलकुद सामग्रीहरू आदिको व्यापक व्यवस्था गरी, शिक्षा लिन प्रेरित गर्नु पर्दछ। लाक्षित समूहरू विद्यार्थीहरूलाई शिक्षक र साथीहरूले विद्यालयमा गरिने सम्पूर्ण क्रियाकलापमा समान व्यवहार र विशेष अवसरहरू प्रदान गर्नु पर्ने देखिन्छ। विद्यालयले शिक्षक अभिभावक वि.व्य.स. पदाधिकारी तथा विद्यार्थीहरू सबैलाई समाहित शिक्षाको विकासको लागि परिचालन गरिनु पर्छ शिक्षहरूले एक आपसमा ज्ञानको आदान प्रदान गर्नु पर्ने कक्षा संचालन गर्दा दलित अपाङ्ग श्रमिक बालिका, द्वन्द्व पीडित, घरेलुकामदारहरूको भावना, मनोविज्ञान र पीडालार्ल्ई मल्हम पट्टि लगाउँदै थप हौसला, जोस जाँगरहरू प्रदान गर्दै कक्षा संचालन गर्नु पर्ने। विद्यालयमा भएको आर्थिक अभावलाई परिपूर्ति गर्न सरकारी र गैर सरकारी पक्षको खोजी गरी मानवीय स्रोत व्यवस्थापनमा लगानी बढाउनुपर्ने, विद्यालयमा कक्षाकोठाको पर्याप्त व्यवस्था गर्नुपर्ने ऱ्याम निर्माण, शौचालय घेराबारा शैक्षिक सामग्री खानेपानी, खेल सामग्री कम्प्युटर, आदि विद्यार्थीको पहुँचभित्र भए मात्र समाहित शिक्षाले समावेसी विद्यालय र समावेसी समाजको निर्माण गर्न सक्दछ।

## ५.३ सुझाव

अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्कहरूको व्याख्या विश्लेषणबाट प्राप्त जानकारीहरूकको आधारमा समाहित शिक्षालाई प्रभावकारी बनाउनको लागि विद्यालयमा शिक्षकहरूलाई प्रर्याप्त तालिमको व्यवस्था साथै पठनपाठन भौतिक र मानवीय व्यवस्थापन वृद्धि गर्दै पठनपाठन कार्यलाई चुस्त दुरुस्त ढंगबाट अगाडि बढाउन समय समयमा शिक्षक बैठक साथै व्यवस्थापन समितिका सकारात्मक क्रियाकलापहरू, विद्यलय क्रियाकलापहरूमा विद्यार्थीहरूको सहभागिता सरकारी तथा गैर सरकारी संघ संस्थााट प्राप्त गर्ने सहगोगलाई परिचालन गर्न सके समाहित शिक्षाको प्रभावककारीता झल्कन्छ। यसलाई अझ प्रभावकारी बनाउन निम्न सुझावहरू अनुसन्धानको क्रममा प्राप्त भएका छन्।

लक्षित समूह दलित, छात्रा जनजाती, सडकबालबालिका, अपाङ्ग, गरिब सबैखाले बालबालिकाहरूलाई विद्यालयमा अधिक सहभागिता गराउन भर्ना अभियान चलाउनु पर्ने । जातीय विवेदको अन्य गर्न त्यस्ता जातीय वैमनस्यता फैलाउने तत्वहरूलाई कारवाही गर्नु पर्ने। सबैखाले जाती जनजातीहरूलाई विद्यालयको पहुँचमा ल्याउन र टिकाइ राख्न थप कार्यक्रमहरू संचालन गर्नुपर्ने । छात्राहरूलाई विद्यालयमा ल्याई टिकाराख्न विशेष हौसलाहरू प्रदान गर्नुपर्ने । अपाङ्ग प्रतिको सकारात्मक सोचको बारेमा जनचेतना फैलाउने । दुईतला भवन भएकको विद्यालयहरूले अपाङ्गता भएका विद्यार्थीहरूलाई अध्ययन गर्ने कक्षा तल्लो तलामा मिलाउने । विद्यालयमा र्‍याम, चर्पी, खानेपानीको उचित बन्दोबस्ता मिलाउने । शारीरिक अपाङ्ग भएका बालबालिकाहरूलाई प्रयोग गर्न सक्ने गरी खेलमैदान, खेल सामग्रीहरूको बन्दोबस्त गर्ने । अपाङ्ग भएका बालबालिकाहरूले अरुले खेलेको भरमा कुनै न कुनै रुपबाट सहभागी हुन पाउनुपर्छ जस्तै फुटबल, भलिबल, ब्याडमिन्टन खेल्दा रेफ्री, लाइन्समेन, म्यानेजर, स्कोर, गर्ने जस्ता भूमिका दिनु । दौडन नसक्नेलाई सुहाउँदो खेलहरूमा अवसर दिने।

बैशाखी प्रयोग गर्नेका लागि अनुकुल डेक्स्बेन्चको व्यवस्था गर्ने। मुखले, खुट्टाले लेख्न पर्ने बालबालिकाको लागि उपयुक्त व्यवस्था गर्ने। शिक्षणको दौरानमा निरन्तर नियमित रुपमा अन्तरक्रिया संबाद गर्ने । विद्यालयमा स्थानीय जनजाती, भाषाभाषीको संस्कृति झल्किने किसिमका कोटेसन तथा चित्रहरू राख्ने व्यवस्था मिलाउने । स्थानीय भाषा प्रयोगको सुव्यवस्था गर्ने । बहिराहरूको लागि सकेसम्म प्राकृतिक संकेतबाट संचार गर्न खोज्न र कुरा बुझउन प्रयास गर्ने । शारीरिक हाउभाउ पूर्ण संचार विधीको प्रयोग गर्ने । सुस्त श्रवण

अपाङ्गहरूलाई बेन्चको बीचमा बसाइ व्यवस्था मिलाउने ।  शिक्षण सिकाई क्रियाकलापमा समूह समूह बनाई जिम्मेवारी प्रदान गर्ने । बौद्धिक अपाङ्गहरूका लागि लामो निर्देशन नदिने । सिपालु एवम् सहयोगी साथीहरूसँग बसाइको व्यवस्था मिलाउने । शिक्षणको क्रममा शैक्षिक सामग्रीहरू प्रयोग गरेर शिक्षण गर्ने । शिक्षकद्वारा निर्मित सामग्री र विद्यार्थीद्वारा निर्मित सामग्रीहरूको प्रदर्शनीको व्यवस्था गर्ने । अभिभावकहरूलाई जनचेतना अभिवृद्धि गर्न गाष्ठीहरू संचालन गर्नुपर्ने। विद्यालयले निर्माण गर्ने सम्पूर्ण योजनाहरू वार्षिक कार्ययोजना, वार्षिक कार्यतालिका, इकाइ योजना, दैनिक पाठयोजना, देनिक कार्यतालिका आदि सम्पूर्ण क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागी गराउने।

# सन्दर्भ ग्रन्थ


काफ्ले, बासुदेव, (२०६२), *समावेसी शिक्षामा शिक्षकको भूमिका,* अपाङ्ग शसक्तिकरण, बुद्धनगर कठमाण्डौ, नेपाल अपाङ्ग समाज।

काफ्ले, बासुदेव, (२०६३), *समाहित शिक्षा, बाल मैत्री विद्यालय सहयोगी सामग्री,* सानोठिमी, भक्तपुर, नेपाल सरकार शिक्षा विभाग, शिक्षा तथा खेलकुद मन्त्रालय, समाहित शिक्षा शाखा,

कट्टेल, दिव्यराज, (२०६६) *समाहित शिक्षामा व्यवस्थापनको प्रभावकारीता,* अप्रकासित स्नातकोत्तर शोधपत्र, शिक्षा योजना तथा व्यवस्थापन विभाग, शिक्षाशास्त्र संकाय।

केन्द्रिय तथ्याङ्क विभाग।

कोइराला, सिताराम, (२०६२) *सोपान मासिक,* सानोठिमी भक्तपुर, शिक्षा विभाग।

गौतम, देवकुमारी (२०६६) *शिक्षा जगतको वार्षिक पत्रिका सानो ठिमी भक्तपुर,* नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र

ढकाल, माधवप्रसाद, (२०६३), *शिक्षाका आधारहरू, काठमाण्डौ,* नेपाल रत्न पुस्तक भण्डार।

नेपालको अन्तरिम संविधान २०६३, *संसोधन सहित,* मकालु प्रकाशन गृह।

नेपालमा प्रथमिक शिक्षा, *शैक्षिक जनशक्ति विकास केन्द्र,* सानोठीमी भक्तपुर।

पन्त, हरिराम(२०६४) *रुपान्तरण चौमासिक,* शिक्षा विभाग सानोठिमी भक्तपुर

पूर्व सेवा तालिम प्राथमिक तालिम, प्रशिक्षार्थी शोध सामग्री, प्रथम सेमिष्टार, २०६१।

भट्ट, दिर्घराज, (२०६०) *विद्यालय छोडाइमा सामाजिक, सांस्कृतिक प्रभाव,* अप्रकासित स्नातकोत्तर शोधपत्र, शिक्षा योजना तथा व्यवस्थापन विभाग, शिक्षाशास्त्र संकाय।

शिक्षा विाभाग, प्राथमिक शिक्षा महाशाखा, विषय शिक्षा शाखा,।

शिक्षा ऐन २०२८, *वौद्धिक दर्पण,* पुतली सडक काडमाडौ ।

*शिक्षा जगतको वार्षिक पत्रिका २०६६,* पाठ्क्रम विकास केन्द्र ।

शिक्षा विभाग २०६४, *समाहित विद्यालय आधारभूत समाहित शिक्षा,* सानोठिमी भक्तपुर ।

समाहित शिक्षा परीक्षण कार्यक्रम लागु भएका जिल्लाहरूको संयुक्त कार्यशाला गाष्ठीको प्रतिवेदन २०५९ ।

## अनुसूची : एक

## समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता

**अपाङ्ग विद्यार्थीका लागि सोधिने  प्रश्नावली**

विद्यालयको नाम.........................................................................

विद्यार्थीको नाम ...................................... ......................................

कक्षा.................................... लिङ्ग ............... उमेर........................

ठेगाना.....................................

१. साथीहरूले तिमीलाई कस्तो व्यवहार गर्छन्?

क) माया गार्छन्

ख) घृणा गछर्न्

ग) वास्ता गर्दैनन्

२. तिमीलाई एकै ठाउँमा रखेर पढाउँदा कस्तो लाग्छ?

क) दिक्क

ख) ठीकै

ग) रमालो

३. साधारण र अपाङ्ग विद्यार्थी प्रति शिक्षकको व्यवहार कस्तो देखिन्छ?

क) समान

ख) असमान

ग) दुवै

४. शिक्षकको शिक्षण कस्तो लाग्छ?

क) दिक्क लाग्छ

ख) रमाइलो

ग) ठीकै

५. शैक्षिक सामग्रीको प्रयोगमा अपाङ्ग विद्यार्थीहरूका सहभागिता कस्तोछ?

क) सक्रिय

ख) निस्क्रिय

ग) सहभागिता गराइदैन।

६. बस्ने कक्षाकोठा र फर्निचारको अवस्था कस्तो छ?

क) उपयुक्त

ख) अनुपयुक्त

ग) छैन

७. ज्यामको व्यवस्था कस्तो छ?

क) उपयुक्त

ख) अनुपयुक्त

ग) छैन

## अनुसूची : दुई

## समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता

**सधारण विद्यार्थीका लागि सोधिने अन्तरवार्ताको प्रश्नावली**

विद्यालयको नाम.......................................................................

विद्यार्थीको नाम ..................................... .....................................

कक्षा.................................... लिङ्ग .............. उमेर........................

ठेगाना.....................................

१. कक्षाकोठामा बसाई व्यवस्था कस्तो छ?

क) उत्तम

ख) मध्यम

ग) न्युन

२. शिक्षकले पढाउँदा शैक्षिक समग्रीको प्रयोग गर्छन् कि गर्दैनन्?

क) गर्छन

ख) गर्दैनन्

ग) कहिलेकाही गर्छन्

३. पढाउँदा कस्ता शैक्षिक सामग्रीको प्रयोग गरिएको छ।

क) विषयवस्तुसँग मिल्ने

ख) विषयवस्तुसँ अलिअलि मिल्ने

ग) विषयस्तुसँग नमिल्ने

४. विद्यालय भवन कस्तो छ?

क) आकर्षक

ख) मन नपर्ने

ग) सुधार गर्नुपर्ने

५. शौचालयको अवस्था कस्तोछ?

क) उपयुक्त

ख) अनुपयुक्त

ग) थप गर्नुपर्ने

६. सबै विद्यर्थीहरूको भावना अनुसार शिक्षकले पढाउँछन्?

क) पढाउँछन्

ख) पढाउँदैनन्

ग) थाहा छैन

# अनुसूची : तीन

## समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता

**वि.नि., स्रोत व्यक्तिसँग सोधिने अन्तरवार्ताको प्रश्नावली**

वि.नि./स्रोत व्यक्तिको नाम.........................................................................

लिङ्ग .............. उमेर........................

कार्यालय.................................................. पद.............................

१. तपाईको क्षेत्रमा समाहित शिक्षा कार्यक्रम लागु भएका विद्यालय कति छन्?

२. समाहित विद्यालयहरूको भौतिक र मानवीय व्यवस्थापनमा तपाई सन्तुष्ट हुनुहुन्छ?

३. समाहित शिक्षाको भौतिक र मानवीय पक्षको व्यवस्थापनमा तपाईको भूमिका के छ?

४. व्यवस्थापनलाई तपाईले निर्देशन दिनुभएको छ?

५. समाहित शिक्षा सम्बन्धि सम्पूर्ण शिक्षकहरूले तालिम पाएका छन्?

६. समाहित शिक्षा लागु भएको विद्यालय र अन्य विद्यालयमा के-के फरक पाउनु हुन्छ?

७. समाहित शिक्षा सम्बन्धी तालिम पाउनु भएको छ छैन?

८. समाहित शिक्षलाई प्रभावकारी बनाउन के सुझाव दिनुहुन्छ?

९. नेपाल सरकारको समाहित शिक्षा सम्बन्धि नीति कस्तो छ?

१०. समाहित शिक्षाका कार्यक्रमहरू मध्ये यस विद्यालयमा कति कार्यक्रम लागु भएका छन् ती के-के हुन्।

## अनुसूची : चार

## समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता

**प्र.अ.का लागि सोधिने अन्तरवार्ताको प्रश्नावली**

विद्यालयको नाम........................................................................

प्र.अ.को नाम ..................................... .....................................

लिङ्ग ............... उमेर........................

१. समाहित शिक्षाको व्यवस्थापन गर्दा कुन-कुन पक्षबाट समस्याहरू आएका छन्?

क) सरकारी कारी पक्षबाट

ख) गैर सरकारी संघ संस्थाबाट

ग) अभिभावकबाट

घ) सबैबाट

२. विद्यालयको व्यवस्थापकीय कार्य गर्न कस-कसले सहयोग गर्छन्?

क) अभिभावक

ख) शिक्षक

ग) नेपाल सरकार तथा संघ सस्था

घ) सबैबाट

३. तपाइले शिक्षक कर्मचारीलाई कामको जिम्मेवारी दिने आधारहरू क-के हुन

क) शिक्षकको क्षमताको आधारमा

ख) वि.व्य.सं. निर्णयको आधारमा

ग) तपाई सँग नजिक रहेको आधारमा

४. यस विद्यालयमा समाहित शिक्षा कसरी लागु भएको हो?

क) परीक्षणको रुपमा

ख) कार्यक्रमको रुपमा

ग) वि.व्य.स.को निर्णको आधारमा

५. समाहित शिक्षाको यवस्थापनका आर्थिक स्रोतहरू मध्ये कुन प्रमुख हो?

क) संघ संस्था

ख) अभिभावक

ग) नेपाल सरकार

६. समाहित शिक्षाको भौतिक व्यवस्थापनमा तपाईलाई कस्तो सहयोग भएकोछ?

क) नगद सहयोग

ख) वस्तुगत सहयोग

ग) प्राविधिक सहयोग

घ) सबैप्रकारका सहयोग

# अनुसूची : पाँच

## समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता

**अभिभावकका लागि सोधिने अन्तरवार्ताको प्रश्नावली**

नाम ..................................... .....................................

वडा नं...................................टोल...............................

लिङ्ग ............... उमेर.........................

१. तपाईको बच्च कुन तहमा पढ्छ?

क) प्रा.वि.

ख) नि.मा.वि.

ग) मा.वि.

घ) उ.मा.वि.

२. तपाई विद्यालयमा गई आफ्नो बच्चाको पढाईका बरेमा सोधखोज गर्नु हुन्छ कि हुन्न?

क) नियमित गर्छु

ख) कहिलेकाही गर्छु

ग) गर्दिन

३. तपाईको छोराछोरीले शिक्षकहरूबाट प्राप्त व्यवहार सुनाउँछन् कि सुनाउँदैनन्?

क) सँधै सुनाउँछन्।

ख) कहिलेकाही सुनाउँछन्

ग) सुनाउँदैदे

४. बच्चाको पढाइको बारेमा प्र.अ.सँग सोधखोज गर्नुभएको छ छनै?

क) पाक्षिक गर्छु

ख) मासिक गर्छु

ग) गर्दिन

५. विद्यालयमा बस्ने फर्निचर र कक्षाकोठाबारेमा बच्चाले केही भन्छ?

क) भन्छ

ख) भन्दैन

ग) थाहा छैन

६. वि.व्य.स. गठानहुँदा तपाई सहभागी हुनु भयो भएन?

क) भएँ

ख) पत्राचार नै भएन

ग) भइँन

## अनुसूची : छ

## समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता

**वि.व्य.स. अध्यक्षका लागि सोधिने अन्तरवार्ताको प्रश्नावली**

नाम ..................................... .....................................

विद्यालय..............................................................

ठेगाना..............................................................

लिङ्ग ............... उमेर.........................

१. तपाई कहिलेदेखि व्यवस्थापन समितिको अध्यक्षमा बस्नुभएको हो

..........................................................................

२. वि.व्य.स.को अध्यक्ष बन्न तपाईलाई के कुराले प्ररित गरेको छ?

क) विद्यलय विकासका लागि

ख) समाजसेवाका लागि

ग) माथिका दुवै

३. तपाई विद्यालयव्यवस्थापन समितिको अध्यक्ष पदबाट सन्तुष्ट हुनुभएकोछ?

क) ठिकै

ख) सन्तुष्ट

ग) अति असन्तुष्ट

४. विद्यालय व्यवस्थापन समितिको बैठक नियमित रुपमा बस्छ वा बस्दैन?

क) बस्छ

ख) कहिलेकाही बस्छ

ग) बस्दैन

५. समाहित शिक्षाको व्यवस्थापनमा प्र.अ. लाई कसरी सहयोग पुऱ्याउनु हुन्छ?

क) प्र.अ.सँग छलफल गरेर

ख) वि.व्य.स.मा नयाँ एजेण्डा प्रस्तुत गरेर

ग) माथिका दुवै

६. समाहित शिक्षा संचालन गर्न केकस्ता भौतिक तथा शैक्षिक सामग्रीहरू थप गर्न आवश्यक ठान्नु भएको छ?

क) व्हीलचियर

ख) बैशाखी

ग) अडियोभिडियोको व्यवस्था

# अनुसूची : सात

## समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता

**विद्यालयका शिक्षकका लागि सोधिने अन्तरवार्ताको प्रश्नावली**

नाम ..................................... .....................................

विद्यालयको नाम.......................................................

पढाउने विषय...................................शैक्षिक योग्यता......................

पढाउने तह.............................. अनुभव वर्ष............................

लिङ्ग .............. उमेर........................

१. समाहित शिक्षा लागु भएपछि बालबालिकाहरूलई अध्यपन गर्दा कुनकुन विधिहरू प्रयाग गर्नुभएको छ?

क) छलफल तथा प्रदर्शन

ख) व्यख्यान तथा खोज

ग) माथिका दुवै

२. व्यवस्थापनका लागि बासाई व्यवस्था गर्न कक्षाकोठाको अवस्था कस्तोछ?

क) पर्याप्त

ख) अपर्याप्त

ग) ठीकै

३. प्रभावकारी शिक्षण सिकाई क्रियाकलापको लागि केके गर्नुहुन्छ?

क) शिक्षक सँग छलफल

ख) अभिावक सँत छलफ

ग) शिक्षक केन्द्रित्क शिक्षण

घ) विद्यार्थी केन्द्रित शिक्षण।

४. के कस्ता शैक्षिक सामग्रीहरू निर्माण र प्रयोग गर्नुभएकोछ?

क) श्रव्य

ख) दृश्य

ग) दुवै

५. शीक्षक सामग्री निर्माणका लागि विद्यालयले कसरी सहयोग गर्छ?

क) अर्थिक स्रोत जुटाएर

ख) वातावरण बनाइदिएर

ग) माथिका दुवै

६. समाहित कक्षाकोठामा अध्यापन गर्दा र अरु कक्षाकोठामा अध्यापन गर्दाका भिन्नताहरू कोके छन्

क) शैक्षिक सामग्रीको प्रयोगमा

ख) बसाइ व्यवस्थापनमा

ग) बालमनोविज्ञानमा

# अनुसूची : आठ

तालिका नं. १ विद्यालयका लक्षित समूहका विद्यार्थीहरूको अवस्थाः

| क.सं. | विद्यालय | लक्षित समूह | | | | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | दलित | अपाङ्ग | छात्रा | जनजाती | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| | जम्मा | | | | | | |

# अनुसूचीः नौ

चित्र नं. १ विद्यालयका लक्षित समूहका विद्यार्थीहरूको अवस्थाः

# अनुसूची : दश

तालिका नं. ४ भौतिक सुविधाको अवस्था:

| क.सं | विवरण | महेन्द्र उ.मा.वि. | | | सुनपकुवा उ.मा.वि. | | | सुकुना मा.वि. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रर्याप्त | अप्रर्याप्त | संख्या | प्रर्याप्त | अप्रर्याप्त | संख्या | प्रर्याप्त | अप्रर्याप्त |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची : एघार

तालिका नं. ५ शिक्षकहरूले प्रापत गरेको समाहित शिक्षाको तालिमको अवस्था

| क.सं. | विद्यलयको नाम | समाहित शिक्षा तालिम लिएका शिक्षक संख्या | समाहित शिक्षा तालिम नलिएका शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची : बाह्र

तालिका नं. ६.  समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता सम्बन्धमा सरोकारवालाहरू

| क.सं. | विवरण | विद्यर्थी | अभिावकहरू | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| | | | | | |